जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

**बालविवाह सामाजिक र कानूनी अपराध हो**

- बीस वर्ष नपुगी विवाह नगरौँ र नगराऔं।
- उमेर नपुगी विवाह गर्नु सामाजिक र कानूनी अपराध हो।
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुबै हुने कानूनी व्यवस्था छ।

नेपाल सरकार विज्ञापन बोर्ड

वर्ष २५ •अंक २६८ • २०८० साल फाल्गुन १२ गते शनिबार (24 Feburary, Saturday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

## नेशनल मेडिकलबाट बसरुद्दिन हटाइए



टुडे समाचारदाता

वीरगञ्ज।मधेश प्रदेशमा स्वास्थ्य शिक्षा प्रदान गर्दै आएको नेशनल मेडिकल कलेजका प्रबन्ध निर्देशकमा शाहनवाज अन्सारीलाई नियुक्त गरिएको छ।

वीरगञ्ज महानगरपालिका-१५ भेडियाहीमा रहेको नेशनल मेडिकल कलेज तथा शिक्षण अस्पतालको प्रबन्ध निर्देशकमा शाहनवाज अन्सारीलाई चयन गरिएको कलेजले जनाएको छ।

अस्पताल सञ्चालक समितिको गत ४ गते बसेको बैठकले प्रबन्ध निर्देशक पदमा शाहनवाजलाई नियुक्त गरेको हो । उनी सञ्चालक समितिका अध्यक्ष महम्मद जैनुद्दिन अन्सारीका पुत्र रहेका छन् ।

लामो समयदेखि कलेजको प्रबन्ध निर्देशकमा बसरुद्दिन अन्सारी रहेका थिए । बसरुद्दिन नेकपा एमालेका मधेश प्रदेश समिति सदस्य पनि हुन् । सञ्चालक समितिका पदाधिकारीसंग गलत व्यवहार गरेको कारण केही महिना अगाडि अध्यक्ष डाक्टर जैनुदिन अन्सारीले प्रबन्ध निर्देशक पदबाट बर्खास्त गरेको बताइएको छ । बसरुदिन अन्सारी डाक्टर जैनुदिन अन्सारीका सहोदर भाई हुन।

प्रबन्ध निर्देशक पदमा पुनः स्थापित गराउन बसरुदिन अन्सारी दुबईदेखि पाकिस्तानसम्मका माफिया केन्द्रहरुमा हारगुहारसमेत लगाएको स्रोतको दाबी छ।

अन्सारी परिवारको विवाद चुलिँदै जिल्ला प्रशासन कार्यालय पर्सासम्म पुगेको थियो। अस्पतालमा अब बसरुदिन अन्सारीको १० प्रतिशत मात्र सेयर रहेको अस्पतालका सञ्चालक अध्यक्ष जैनुद्दिनल जनाएका छन्।


पारिवारिक किचलोको प्रत्यक्ष प्रभाव मेडिकल कलेजमा देखिएको छ। बसरुद्दिन अन्सारी प्रबन्ध निर्देशक रहँदा कलेज पटक-पटक विवादमा पर्ने गरेको थियो। जैनुद्दिनले भाई बसरुद्दिनलाई हटाएर छोरालाई प्रबन्ध निर्देशक नियुक्त गरेसँगै कलेजको सबै क्षेत्रमा सुधार हुने दाबी गरिएको छ।

## महानगरका मेयर सिंहलाई कारबाही गर्न कांग्रेसको माग

अनिल तिवारी

वीरगञ्ज । मधेश प्रदेशको एकमात्रवीरगञ्जमहानगरपालिकाका मेयर राजेशमान सिंहले अरुको छोरीलाई आफ्नो छोरी बनाई किर्ते कागज खडा गरी नागरिकता दिलाएको सम्बन्धमा सत्यतथ्य सार्वजनिक गर्न माग गरेको छ।

नेपाली कांग्रेस पर्साका प्रवक्ता रमेश पाण्डेयले शुक्रबार जारी गरेको विज्ञप्तिमा मेयर सिंहमाथि लगाइएको आरोप सहितको उजुरी उपर छानबिन गरी सत्यतथ्य सार्वजनिक गर्न माग गरेका छन्।



राष्ट्रियता ! लोकतन्त्र ! समाजवाद !

नेपाली कांग्रेस

जिल्ला कार्य समिति, पर्सा

२०८०-११-१०

मिति

श्री

विषय:- प्रेस विज्ञप्ती

विगत केही समय देखि वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले आफ्नो छोरी भनी नागरिकता दिलाएको र सो सम्बन्धमा सम्बन्धित निकायहरुमा उजुरी परेको भनी विभिन्न सञ्चार माध्यमहरुमा समाचार सम्प्रेषण भएको प्रति नेपाली काँग्रेस पर्साको गम्भिर ध्यानाकर्षण भएको छ। देशको शासन व्यवस्था संविधान र कानुन बमोजिम चल्नु पर्दछ, कानुन भन्दा माथि कुनै संस्था वा व्यक्ति रहनु हुँदैन भन्ने नेपाली काँग्रेस को मान्यता रहेको छ। कानुन को उल्लंघन गर्ने जो कोही पनि कानुन बमोजिम कार्वाही र सजाय को भागीदार हुनु पर्दछ, कानुन उल्लंघन गर्ने छुट कसैलाई हुनु हुँदैन। उक्त नागरिकता को सम्बन्धमा सत्य तथ्य निष्पक्ष छानबिन गरी दोषी देखिएकालाई कानुन को दायरामा ल्याई आवश्यक कार्वाही प्रकृया अगाडी बढाउनका लागि नेपाली काँग्रेस पर्सा सम्बन्धित सरोकारवाला सम्पूर्ण निकायहरु संग जोडदार मांग गर्दछ।

रमेश पाण्डेय

प्रवक्ता

ने.कां.जिल्ला कार्य समिति पर्सा

Scanned with CamScanner

कांग्रेस पर्साका प्रवक्ता पाण्डेयले जारी गरेको विज्ञप्तिमा भनिएको छ ,' देशको शासन व्यवस्था संविधान र कानुन बमोजिम चल्नु पर्दछ, कानुन भन्दा माथि कुनै संस्था वा व्यक्ति रहनु हुँदैन भन्ने मान्यता रहेको र कानुनको उल्लंघन गर्ने जो कोही पनि कानुन बमोजिम कारबाही र सजायको भागिदार हुनु पर्दछ, कानुन उल्लंघन गर्ने छुट कसैलाई हुनु हुँदैन।'

झुठा विवरणको आधारमा मेयर सिंहले हुँदै नभएको छोरी भनेर एकजना किशोरी रुबिना श्रेष्ठको नागरिकता बनाई राहदानीसमेत बनाएर विदेश पठाएको आरोप सहित जिल्ला प्रशासन कार्यालय पर्सामा मुद्दा दर्ता गरिएको छ।

मेयर सिंहकी कान्छी भनिएकी श्रीमती रीता भट्टराईले सम्बन्ध विच्छेदका लागि पर्सा जिल्ला अदालतमा दिएकी मुद्दामा संलग्न गरिएको छोरी श्रेष्ठको जन्मदर्ता किर्ते भएको आरोपसहित जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला प्रहरी कार्यालयमा दिएको जाहेरी उपर पनि कारबाही भएको छैन।

प्रशासन र प्रहरीले नागरिकता र जन्मदर्ता सम्बन्धी किर्ते जालसाजी मुद्दालाई बेवास्ता गर्दै अनुसन्धान प्रकृयालाई अगाडि नबढाएको आरोप लागिरहेको बेला कांग्रेस पर्साले तत्काल सत्यतथ्य छानविन गरी सार्वजनिक गर्न माग गरेको छ।

विज्ञप्तिमा भनिएको छ ,' नागरिकताको सम्बन्धमा सत्य तथ्य निष्पक्ष छानबिन गरी दोषी देखिएकालाई कानुनको दायरामा ल्याइ आवश्यक कारबाही प्रकृया अगाडि बढाउनका लागि नेपाली कांग्रस पर्सा सम्बन्धित सरोकारवाला सम्पूर्ण निकायहरुसंग जोडदार माग गर्दछ।'

खुशिको खबर ! खुशिको खबर !! खुशिको खबर !!!

**कृष्णा मेडिकल एण्ड टेक्निकल रिसर्च सेन्टर (अस्पताल)**

ब्रहमपुरी, जनकपुरधाम-९, धनुषा (नेपाल)

साबिकको जानकी मेडिकल कलेजको सिटी हस्पिटल भवनमा



**डा. हेमन्त कुमार साह**

एन.एम.सी.नं. १५०४०

एम.बि.बि.एस., एम.एस. (न्यूरोसर्जरी)

एम.सी.एच., न्यूरोसर्जरी (टि.यू., आई.ओ.एम.)

कन्सल्टेन्ट न्यूरोसर्जन

☞ यहाँ Brain तथा Spinal सम्बन्धित सबै शल्यक्रिया (Operation) आधुनिक मेशिनद्वारा गरिन्छ।

☞ यहाँ २४ घण्टा ICU तथा Emergency सेवा उपलब्ध छ।

१) टाउको दुख्नु (Migraine headache) अर्द्धकपारी
२) टाउको, ढाड, हात तथा खुट्टाको समस्या
३) नशा च्यापिनु
४) छारे रोग
५) हात, खुट्टा पोल्नु
६) हात, खुट्टा झमझम गर्नु र कामनु
७) रिंगटा लाग्नु
८) प्यारालाइसिस
९) हिडदा हुतिनु
१०) पक्षघात (Brain Haemorrhage, Brain Tumor)





टाउको तथा नाशामा चोटपटक लाग्नु सम्बन्धी सम्पूर्ण रोगको लागि एउटै गन्तव्य।

सम्पर्क नं. ०४१-५९१०९२, ९८१४०२९७६९

मधेश प्रदेशको राजधानी साँस्कृतिक नगरी जनकपुरधाम स्थित होटल

ANJANI SUITE








**विशेषताहरू**

- लक्जरीयर्स रुमहरु
- ठुलो पार्किङ्ग
- जनकपुरधामको रमणीय दृश्य देखिने रुफटप रेष्टुरेन्ट
- EV चार्जिङ्ग स्टेशनको व्यवस्था
- मल्टीक्यूजन रेष्टुरेन्ट, पार्टी हल, कन्फेन्स हल
- विमानस्थलबाट पिकअप एण्ड ड्रपको व्यवस्था

**सम्पर्क**

९८५४०३०५०२, ९८५४०२७५९१

हनुमान मार्ग, कपालमोचनी सर, जनकपुरधाम-८, धनुषा

Anjani Suite

**घट्दो ब्याजदरमा पनि सुनिश्चित बोनश दर भएको योजना**

जन जनको आस्था, जीवन आस्था

एल.आई.सी. नेपालको

जीवन आस्था

Jeevan Aastha

Plan No. 348

मुख्य विशेषताहरू

» एक पटक मात्र बीमा शुल्क बुझाउनु पर्ने योजना।
» लगानीकर्ताको आवश्यकता पुरा गर्न सुनिश्चित् लाभ प्रदान गर्ने योजना।
» सुनिश्चित् थप ५ वर्ष अवधिको लागि रू. ८५/- प्रति वर्ष प्रति हजार बीमाङ्कको।

Single Premium | सुनिश्चित् थप लाभ | उच्च जोखिम बहन | निम्न शुल्कमा जोखिम बहन | कर्जा र समर्पण सुविधा

LIC लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड

Life Insurance Corporation (Nepal) Ltd.

(A Joint Venture of Life Insurance Corporation of India)

AN ISO 9001 CERTIFIED ORGANISATION Certificate No. 42693

स्टार मल, चौंथो तल्ला, पुतली सडक, काठमाडौं

फो.नं.: ०१-४०१२६१३, फ्याक्स् नं.: ९७७-१-४०१२६१५, Email: liccorporate@licnepal.com.np

# सिजनल भिसामा कामदार पठाउने सम्झौता

टुडे समाचारदाता

जनकपुरधाम । धनुषाको मिथिला नगरपालिकाले बेरोजगारी समस्या समाधान गर्न करिब दुई सय जनालाई सिजनल भिसामा कामदारलाई कोरिया पठाउने सम्झौता गरेको छ ।



कृषि क्षेत्रका कामदारहरुलाई सिजनल भिसामा कोरिया पठाउन मिथिला नगरपालिका र कृषि विकास अनुसन्धान परिषद् कोरियाबीच शुक्रवार व्यापार सम्झौता भएको छ । मौसमी कृषि श्रमिक आपूर्तिका लागि आपसी आदान प्रदान र सहयोग कायम गर्ने उद्देश्यले सो व्यापार सम्झौता गरेको जनाइएको छ ।

सम्झौतापत्रमा कृषि विकास अनुसन्धान संघ कोरियाका अध्यक्ष युन चुन–सियोप र मिथिला नगरपालिका नगर प्रमुख महेन्द्र महतोले हस्ताक्षर गरेका छन् ।

मौसमी कृषिका लागि कोरियाको ग्रामीण क्षेत्रहरुमा श्रमिक अभाव समाधान गर्न पारस्परिक सहमति भएका उत्कृष्ट कृषि श्रमिक भर्ती, तालिम र आपूर्ति व्यवस्थापनलगयातका विषय सम्झौतापत्रमा समेटिएको नगरप्रमुख महतोले बताएका छन् । उनले भने यो सम्झौताले युवा बेरोजगारी समस्या धेरै हदसम्म समाधान हुनेछ ।

पहिलो चरणमा नगरपालिका भित्रका करिब दुईसय युवालाई तालिम प्रशिक्षण दिइ मौसमी कृषि कार्यका लागि कोरिया पठाइने छ ।

सो सम्झौता अन्तर्गत एक वर्षमा ८ महिना काम गर्नुपर्ने र चार महिना घर आउने विदा दिइनेछ । सो विदा कटेपछि पुनः रोजगारीका लागि कोरिया पठाइनेछ । सो सम्झौता अनुसार कुनै म्यानपावर वा एजेन्टमार्फत कामदारलाई नपठाइ यहाँका स्थानीय सरकार र कोरियाको स्थानीयसरकारबीचकोसमन्वयमा पठाइनेछ ।

कामदारहरुको भर्ती र प्रशिक्षण सम्बन्धी जानकारीको आदानप्रदान, कामदार आपूर्ति र व्यवस्थापनमा जानकारी आदानप्रदान, आपसी कर्मचारीहरु साइट भ्रमण, रोजगारीसँग सम्बन्धित स्थानीय सरकारसँग औपचारिक हस्ताक्षर र पारस्परिक विकाससँग सम्बन्धित विषयहरु सम्झौताको सामग्री रहेको छ ।

# स्थानीय कृषि उत्पादन किन्दै सहकारी

टुडे समाचारदाता

महोत्तरी । उत्पादित फसल बेच्न बजारबजार दौडनु नपरेपछि महोत्तरीको भङ्गाहा नगरपालिका र आसपासका किसान उत्साहित भएका छन् । यहाँ उत्पादित ओल र मसला स्थानीय कृषि सहकारी संस्थाले किन्न थालेपछि बजारीकरणको समस्या समाधान भएको हो ।



भङ्गाहा-४ रामनगरस्थित गढीमाई कृषि सहकारी संस्थाले चलनचल्तीको मूल्यमा पालिका र आसपासका किसानका ओल र मसला किन्दै आएको छ । "उत्पादन राम्रो गराउन थप मेहनत गर्नुपर्ने भएको छ", किसान राजकुमार दासले भने, "अहिले फसल बेच्न बजारबजार दौडनु पर्दैन । संस्थाले ओल र मसला किन्न थालेपछि बजारको चिन्ता हटेको छ ।"तराईको विशेष तरकारी मानिने ओल र बेसार, खोर्सानी एवं अदुवा मिसाएर बनाइएको मसला सहकारी संस्थाले किन्न थालेपछि किसान बिक्रीको कुराबाट ढुक्क भएका हुन् ।

बर्दिबास-७ का रामउद्गार महतोले भने, "पहिलेपहिले ओल खेती गरेपछि बजारको चिन्ता हुन्थ्यो, अब ढुक्क छौँ ।" संस्थाले आफ्नो बस्तीसँगै जोडिएका बर्दिबास-७ र ९, तथा धनुषाको बटेश्वर गाउँपालिकाका खोरिया, भूचक्रपुर र राजसखुवासम्मका किसानका ओल र मसला उत्पादन किन्ने गरेको छ ।

संस्थाले तरकारी, अचार बनाइने ओल र मसला जातिका अदुवा, बेसार र खोर्सानी किन्न थालेपछि भङ्गाहा, बर्दिबास, प्रेमनगर, बटेश्वरलगायत स्थानका किसानलाई बजारको चिन्ता हटेको छ । "अघिअघि ओल, अदुवा बेच्न टाढाटाढाको बजार गइन्थ्यो । अहिले गढीमाई सहकारीले किन्न थालेपछि धेरै सजिलो भएको छ", प्रेमनगरका ओल किसान सुफल महतोले भने ।

"हर्दी (बेसार), खोर्सानी र अदुवा हाम्रो यताका मुख्य मसला खेती हुन् । यी सबै संस्थाले किन्छ", पशुपतिनगरकी पारोवती महतोले भने, "संस्थाले किन्न थालेपछि ढुक्क भएका छौँ । आम्दानी पनि प्रशस्त हुन थालेको छ । रकम एकमुष्ट पाइने भएपछि गरगहना जोरजाम र अन्य महत्वपूर्ण गर्जो टार्न पाइएको छ ।"संस्थाले बीउ वृद्धि र बाहिरी बजारको आपूर्ति गर्न थालेपछि स्थानीय उत्पादन किन्न थालेको जनाएको छ । अहिले दैनिकजसो नै ओल र मसला तौलाउन किसान आउने गरेका संस्थाका अध्यक्ष सत्यनारायण यादवले बताए । उहाँका अनुसार गत असोजयतादेखि संस्थाले करिब रु १० लाखभन्दा बढीको उक्त उत्पादन किनेर मुलुकका विभिन्न स्थानमा पठाएको छ ।यहाँको ओल बीउका लागि सूदुरपश्चिमको डडेलधुरासम्म पुऱ्याइएको अध्यक्ष यादवले जानकारी दिए । "अहिले अन्य जिल्लाका कृषि सहकारीले ओल, बेसार र अदुवा माग्ने गरेका छन्", उनले भने, "यस वर्ष हालसम्म पूर्वको कोशी र पश्चिमको कञ्चनपुर, कैलाली र डडेलधुर ासम्म दुई सय क्विन्टलभन्दा बढी ओल पठाएका छौँ ।" संस्थाको आफ्नै कार्यालय भवन र सुरक्षित भण्डार कक्ष भएकाले किनिएका सामग्री सुरक्षित भण्डारण गरेर मागअनुसार अन्यत्र पठाइने गरिएको यादवको भनाइ थियो । गढीमाई कृषि सहकारी संस्थाले स्थानीय उत्पादन किन्न थालेपछि उत्पादनमा पनि वृद्धि हुँदै गएको कृषि ज्ञानकेन्द्र महोत्तरीले जनाएको छ । महोत्तरीका भङ्गाहा, बर्दिबास र गौशाला नगरक्षेत्र ओल र मसलाखेतीको उर्वर क्षेत्र मानिन्छ ।

# सीमावर्ती क्षेत्रमा युवक मृत फेला

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको मलंगवामा नेपाल-भारत सीमावर्ती क्षेत्रमा एक युवक मृत फेला परेको छ । मलंगवा नगरपालिका- ९ स्थित सीमानाका क्षेत्रमा सोही ठाउँका ३० वर्षीय सहमद साफी मृत अवस्थामा फेला परेका छन् ।

साफीको शरीरमा कुनै चोटपटक नदेखिएको र मुखबाट अत्यधिक फिँज काडि रहेकाले धेरै मात्रामा लागूऔषध सेवन गर्दा उनको मृत्यु भएको आशंका गरिएको छ ।

मृतक युवकको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल मलंगवामा रहेको र सो घटनाको अनुसन्धान जारी रहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ ।

मलंगवामा केही समयअघि गोरखकाली प्रहरी चौकी नजिक र माध्यमिक विद्यालयको प्रांगणमा दुई जना युवक अत्यधिक लागूऔषध सेवन गरेका कारण मृत अवस्थामा फेला परेका थिए ।

सीमापारि भारतीय बजारमा खुलेआम बिक्री हुने लागूऔषधका कारण सीमावारी सर्लाहीतर्फ व्यापक असर परेको छ ।

# स्नातक कार्यक्रम पुनः तीनवर्षे बनाइन्छ

टुडे समाचारदाता

काठमाण्डु । त्रिभुवन विश्वविद्यालयका नवनियुक्त उपकुलपति प्राडाकेशरजङ्ग बरालले स्नातक तहको कार्यक्रमलाई पुनः तीनवर्षे बनाइने जानकारी भएको छ । त्रिविले २०७१ /०७२ सालदेखि व्यवस्थापन सङ्काय तर्फ चारवर्षे स्नातक कार्यक्रम सुरुआत गरेको थियो ।



विश्वविद्यालयको केन्द्रीय कार्यालयमा शुक्रबार पदबहाली गरेपछि त्यहाँ उपस्थित विभागीय प्रमुख, कर्मचारी तथा प्राध्यापकहरुलाई सम्बोधन गर्दै उपकुलपति प्राडा बरालले चारवर्षे स्नातक कार्यक्रम लामो हुन गएकाले विद्यार्थी र अभिभावकको लगानी बढ्नाका साथै त्रिविको कार्यसञ्चालनमा पनि असहजता थपेको बताए ।

"बाहिरको शिक्षा प्रणाली अनुकूल बनाउन जनाउँदै चारवर्षे गरियो तर छिमेकी भारत, युरोपेली मुलुकलगायत थुप्रै ठाउँमा अहिले पनि तीनवर्षे स्नातक कार्यक्रम नै चलिरहेको छ", उनले भने ।

अमेरिकालगायत केही देशमा चारवर्षे स्नातक तहका कार्यक्रम सञ्चालनमा रहेको उल्लेख गर्दै उपकुलपति बरालले भने, "त्यस्ता देश वा त्यस्तै चारवर्षे विषय पढ्न जान चाहने विद्यार्थीका लागि तीनवर्षे कोर्ष सकेपछि थप एक वर्षको छुट्टै मानार्थ उपाधिका कार्यक्रम चलाउन सकिन्छ ।"

साथै उनले विषयको विशिष्टताका कारण केही विषयका स्नातक कार्यक्रम भने चारवर्षे वा पाँचवर्षे हुनसक्ने बताए । विश्वविद्यालयका केही कार्यक्रममा विद्यार्थी सङ्ख्या अत्यन्त न्यून र केहीमा शून्य रहेकातर्फ औँल्याउँदै उनले अहिले मानविकी सङ्कायमा अरू कार्यक्रमको तुलनामा कम विद्यार्थी भर्ना हुने गरेको बताए । यसको समाधानका लागि मानविकीलाई सबै सङ्काय र कार्यक्रमबाट आउन मिल्ने (मल्टी डिसिप्लिनरी लिवरल आर्ट )का रुपमा पुनःसंरचना गरिने जानकारी पनि उनले दिए । शिक्षा सङ्कायका कार्यक्रमलाई पनि सबै विषयबाट प्रवेश गर्न मिल्ने बनाइन उनले बताए ।

केही वर्षयता त्रिविको संरचना ठूलो र भद्दा भएको चर्चा गरिने उल्लेख गर्दै उपकुपति बरालले यसको पुनःसंरचनाका लागि आफू तयार रहेको बताए । "त्रिविलाई अब विस्तार होइन पुनःसंरचनाको खाँचो छ", उनले भने ।


उपकुपति प्राडाबरालले त्रिविका शैक्षिक कार्यक्रमहरुलाई उत्पादन र बजारसँग जोड्न आफू लागिपर्ने बताए । देशको मौलिक र रैथाने ज्ञानलाई विश्वविद्यालयको प्राज्ञिक अध्ययन-अनुसन्धानसँग जोड्नका लागि दीर्घकालीन योजना बनाइने जानकारी पनि उनले दिए । "तराईका राजवंशी र पहाडका मगरले उत्पादन गर्ने कासवा होस् वा चिउरीका उत्पादनको विकास, विश्वविद्यालयले त्यसतर्फको अध्ययन-अनुसन्धानमा जोड दिनेछ", उनले भने । साथै हिमाली उपचार पद्धति आम्ची र आयुर्वेदिक अध्ययन-अनुसन्धानका कार्यक्रममा पनि विशेष जोड दिएर उठाइने उनले बताए ।

यसैगरी, देशको विशिष्टताअनुरुप पर्वतारोहणको उच्चशिक्षाका लागि विशेष योजना ल्याइनेरविदेशी विश्वविद्यालयसँग ज्ञान आदानप्रदानका कार्यक्रममार्फत अघि बढाइने पनि उपकुलपति प्राडा बरालले बताए । होटल व्यवस्थापनमा अध्ययनसँगै कमाईको अवधारणालाई त्रिवि कार्यक्रमभित्रै समेटेर अघि बढाइने पनि उनले बताए । प्राडा बराललाई निवर्तमान कार्यवाहक उपकुपति शिवलाल भुसाललगायत त्रिविका वरिष्ठ कर्मचारी तथा प्राध्यापकहरुले स्वागत गरेका थिए ।

# पेट तथा आन्द्रा रोगसम्बन्धी तेस्रो अन्तर्राष्ट्रिय सम्मेलन सुरु

टुडे समाचारदाता

काठमाण्डु । पेट तथा आन्द्राको रोगसम्बन्धी विशेषज्ञ चिकित्सकको तेस्रो अन्तर्राष्ट्रिय सम्मेलन शुक्रबार यहाँ सुरु भएको छ । सम्मेलनमा नेपालसहित भारत, श्रीलङ्का, थाइल्याण्ड, जापान, संयुक्तराज्य अमेरिकालगायत देशका करिब एक सय २५ चिकित्सक सहभागी छन् ।




सर्जिकल ग्यास्ट्रोइन्टेरोलोजी सङ्घ नेपालका अध्यक्ष एवं सम्मेलन आयोजक समितिका संयोजक प्रा डा मुकुन्दराज जोशीले सम्मेलनमा पेट तथा आन्द्रासम्बन्धी रोगका विषयमा प्राप्त नवीन ज्ञान, अनुभव र अन्तर्राष्ट्रिय अभ्यासका विषयमा कार्यपत्र प्रस्तुत हुने जानकारी दिए । उनले वंशाणुगतसहित खानपान र वातावरण परिवर्तनका कारण पेटसम्बन्धी रोगको समस्या देखिने गरेको जानकारी दिँदै खानामा लापरवाही र सन्तुलित आहारका कारण अन्य रोगका तुलनामा पेटसम्बन्धी रोगबाट अत्यधिक मानिस प्रभावित हुने गरेको जानकारी दिए ।

सम्मेलनमा पेट तथा आन्द्रा रोगको पहिचानसम्बन्धी विशिष्टीकृत उपकरण र प्रविधि, शल्यक्रिया विधि, उपचार पद्धतिलगायतका विषयमा विस्तृत छलफल हुने प्रा डा महेश खकुरेलले बताए । विदेशका समेत गरी करिब एक सय चिकित्सकले एकल एवं संयुक्तरूपमा कार्यपत्र प्रस्तुत गर्ने कार्यक्रम रहेको सम्मेलन भोलिसम्म चल्ने छ ।

# सङ्क्रमणकालीन न्यायसँग जोडिएको विषय केही दिनभित्रै टुङ्गो लगाइने : प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले शान्ति प्रक्रियासँग जोडिएको विषयलाई केही दिनभित्रै टुङ्गो लगाइने बताउनुभएको छ ।





नेकपा (माओवादी केन्द्र) को केन्द्रीय कार्यालय पेरिसडाँडामा आज आयोजित २३औँ मजदुर बलिदान दिवस एवं पुस्तक विमोचन समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले आगामी केही दिनभित्र समितिबाट सो विधेयकलाई टुङ्गो लगाएर सदनमा लगेर पारित गर्ने तयारीमा रहेको जानकारी दिनुभयो । उक्त विधेयक सदनबाट पारित गरेसँगै बलिदान गरेका योद्धाप्रति उचित सम्मान हुने उहाँको भनाइ छ ।

सङ्क्रमणकालीन न्यायसम्बन्धी सत्य निरुपण तथा बेपत्ता छानबिन आयोगसँग सम्बन्धित काम नटुङ्गिएकाले नै सहिद परिवारले पाउनुपर्ने परिपूरण वा सहयोग राज्यको तर्फबाट पूर्ण रुपमा पाउन नसकेको प्रधानमन्त्री दाहालले उल्लेख गर्नुभयो । शान्ति प्रक्रिया पूरै टुङ्ग्याएपछि जनयुद्ध दिवस पुनःमनाइने र बिदा दिइने उहाँको भनाइ थियो ।

पहिलो पटक नै जनयुद्ध र सहिदको सम्मान गर्ने निर्णय गरेको स्मरण गर्दै प्रधानमन्त्री दाहालले राजपत्रमा प्रकाशित हुन नसक्दा सम्मान पाउन नसकेको भए पनि यसपटक सम्बोधन गरिएको उल्लेख गर्नुभयो । राज्यले यसपटक सम्मान गरेको र छुटेकालाई समावेश गरिएको उहाँले बताउनुभयो । राज्यको तर्फबाट सम्मान गर्ने प्रक्रियाको ढोका खुलेको प्रधानमन्त्री दाहालको भनाइ थियो ।

"शान्ति प्रक्रियाका केही काम बाँकी रहेका र टुङ्गो नलागेकाले राज्यबाट पाउनुपर्ने परिपूरण, सम्मान, परिवारलाई रोजगारीलगायत विषयलाई विधेयकमा समावेश गरिएको छ । सबै सहिद, बेपत्ता योद्धाप्रति राज्यका तर्फबाट राष्ट्रिय सम्मान गरिएको र विधेयक पारित भएपछि थप सम्मान प्राप्त हुने छ", उहाँले भन्नुभयो ।

जनयुद्ध दिवसलाई राष्ट्रिय दिवस घोषणा गरी सार्वजनिक बिदा दिइएको स्मरण गर्दै प्रधानमन्त्री दाहालले सक्रमणकालीन न्यायसँग जोडिएका विषय निष्कर्षमा पुगेपछि पुनः राष्ट्रिय दिवसका रुपमा मनाइने बताउनुभयो । संविधानमा नै समाजवाद उन्मुख राज्य लेखिएको स्पष्ट पार्दै उहाँले केही व्यक्ति प्राप्त भएको उपलब्धी उल्ट्याउने कोशिसमा लागेका भए पनि त्यो सफल नहुने बताउनुभयो ।

सुशासन, सामाजिक न्याय र समृद्धिको यात्रा एक अर्कामा जोडिएको अभिन्न विषय भएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले ती विषय प्राप्त नगर्दासम्म समाजवाद स्थापना हुन नसक्ने स्पष्ट पार्नुभयो । सहिदले बलिदान गरेर स्थापना गरेको परिवर्तनप्रति प्रतिक्रान्तिकारी शक्तिले धावा बोल्ने प्रयास गरेको भए पनि त्यसका विरुद्ध मजदुर वर्गले प्रतिवाद गर्नु जरुरी रहेको प्रधानमन्त्री दाहालको भनाइ थियो ।

कार्यक्रममा बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलद्वारा मजदुर आन्दोलनसँग जोडिएका विषयवस्तु समेटिएको पुस्तक प्रधानमन्त्री दाहालले सार्वजनिक गर्नुभएको थियो ।रासस


## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : प्रतिभा सम्पन्नता । |
| बृष | : शिक्षामा उन्नति । |
| मिथुन | : पारिवाहिक सुख । |
| कर्कट | : धन वृद्धि सञ्चय । |
| सिंह | : प्रेम प्रसंग, मित्र सुख । |
| कन्या | : सुख समृद्धि हुने । |
| तुला | : भ्रमण अवसर हुने । |
| वृश्चिक | : अवसर प्राप्त । |
| धनु | : वाद विवादबाट बच्नु । |
| मकर | : पुरस्कार प्राप्त लाभ । |
| कुम्भ | : नयाँ कार्य हुने । |
| मीन | : बौद्धिक क्षमता । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |




सर्लाहीको लालबन्दी नगरपालिका–६, स्थित राधाकृष्ण खेल मैदानमा बिहीबारदेखि सुरु भएको प्रथम लालबन्दी महोत्सव कक्षमा माटाबाट निर्मित सामग्रीहरु बिक्रीका लागि ग्राहकको पर्खाइमा व्यापारी । *तस्बिर : रासस*

# ठूला दलका आन्तरिक छलफलमा के भयो ?

काठमाण्डु । सङ्घीय संसद्को हिउँदे अधिवेशन चलिरहेकै बेला प्रमुख राजनीतिक दलले बैठक र भेला सम्पन्न गरेका छन् । ती बैठक तथा भेलामा उनीहरुले मुख्यतयः विसं २०८४ को संसदीय निर्वाचनमा बहुमत ल्याउने र राजनीतिक स्थायित्व प्रदान गर्दै मुलुकलाई समृद्धितर्फ लैजाने सङ्कल्प पारित गरेका छन् ।

प्रमुख तीन दलले मुलुक र पार्टीलाई सुस्पष्ट दिशानिर्देशन गर्ने राजनीतिक, साङ्गठानिक, नीतिगत र आर्थिक प्रस्ताव पारित गर्दै तय गरिएका कार्यक्रममार्फत आगामी निर्वाचनमा बहुमत प्राप्त गरी पहिलो बन्ने महत्वकाङ्क्षी योजना प्रमुख तीन दलले अघि बढाएका हुन् । त्यति मात्रै होइन, नयाँ भनिएको राष्ट्रिय स्वतन्त्र पार्टीले मिसन-८४ अघि बढाइसकेको छ । उसले त्यसमा निम्ति विभिन्न परियोजना निर्माणमा भइरहेका ढिलासुस्तीबारे दबाब अभियान नै सुरु गरिसकेको छ ।

नेपाली कांग्रेसको बिहीबार सम्पन्न महासमिति बैठकमा महामन्त्री गगनकुमार थापाले महासमिति बैठकले पारित गरे बमोजिम १२ लाख नयाँ सदस्य थप्दै आगामी निर्वाचनमा कांग्रेसकै इतिहासमा सबैभन्दा बढी मत प्राप्त गरेको दलकारुपमा स्थापित गर्ने विश्वास प्रकट गर्नुभयो । त्यसका लागि भेला र बैठकले तय गरेका दलका रणनीति, कार्यनीति, कार्यक्रम र अभियान प्रदेश, जिल्ला, निर्वाचन क्षेत्र, पालिका, गाउँ, टोल र जनताका घरदैलोमा पुर्‍याउने अठोट गरिएको छ ।

प्रमुख पार्टीका बैठक र भेलामा दलभित्रको आन्तरिक जीवन, अनुशासन, जनअपेक्षा, पार्टीप्रतिको बुझाइ, क्रियाशीलता र आगामी कार्यदिशाबारे विस्तृत र गहन छलफल भएको छ ।ती राजनीतिक दलबाट अघिल्ला बैठकमा जस्तै यसपटक पनि मुलुकको राजनीतिलाई थप स्थिरता प्रदान गर्दै कानुन निर्माण र जनहितका कार्यक्रम प्रभावकारी तुल्याउने प्रतिबद्धता व्यक्त गरिएको छ । त्यस्ता बैठक र भेलामा सत्ता गठबन्धनप्रतिको दृष्टिकोण र राजनीतिक आगामी ‘कोर्स’बारे पनि छलफल गरिएको छ ।

नेकपा(एमाले) नेता हेमराज राईले भने जनताको समस्याप्रति सरकार केन्द्रित नभएको आरोप लगाउनुभयो । सरकारले महँगी र कालोबजारी नियन्त्रण गर्न नसकेको तथा राष्ट्रियता, लोकतन्त्र, विकास र अर्थतन्त्रको पाटोमा सरकारले लिएका नीति र निर्णय कमजोर देखिएको भन्ने पार्टीको बुझाइ रहेको उहाँले बताउनुभयो । नेता राईले पार्टी सुदृढीकरण र शुद्धीकरणको अभियान अघि बढाउन तथा पार्टीभित्रका संगठनात्मक अराजकतालाई अन्त्य गर्न केकस्ता उपाय र कार्यक्रमसहित अघि बढनुपर्छ भन्ने सुझाव समूहगत रुपमा प्राप्त भएको बताउनुभयो । उहाँले भन्नुभयो, “प्राप्त सुझावलाई अध्यक्ष र महासचिवबाट दिशानिर्देशन हुने ढङ्गबाट सम्बोधन भयो । आगामी सचिवालयको बैठकमा प्राप्त सुझावलाई संश्लेषण गरी प्रस्तुत गरिने छ ।”

पार्टीको बैचारिक र सङ्गठनात्मक क्षेत्रमा देखापरेका समस्या निधान गर्ने सन्दर्भमा गर्नुपर्ने कामबारे छलफल चलेकाले पार्टीलाई आगामी दिशामा कुन ढङ्गले अघि बढाउने भन्नेमा स्पष्ट पार्ने तथा तलसम्मका विचार र बुझाइलाई एकरुपता कायम गर्ने भन्ने छ ।दशौं महाधिवेशनले पारित गरेको र निर्देशित गरेका विचारलाई कार्यान्वयनमा लैजान योजना बनाउने र आन्तरिक जीवनमा देखिएको अनुशासनहिनता र अराजकस्थिति सुधार गर्ने विषयमा निर्मम हुने भनिएको छ । पार्र्टीले दिएको निर्देशनलाई ठीक ढङ्गबाट नबुझ्ने, कार्यान्विनमा आलटाल र ढिलासुस्तीलाई अन्त्य गर्ने विषय हुन् । कार्यान्वयनमा देखिएको लटरपटरलाई अन्त्य गर्ने र ‘मिसन ग्रासरुट’लाई प्रभावकारी तुल्याउने भन्ने छ ।

“मिसन ८४ को उद्देश्य प्राप्त गर्न राजनीति, वैचारिक सुस्पष्टताका साथ लक्ष्यको बुझाइमा एकरुपता हुन आवश्यक छ । वामपन्थी एकताको विषय एकपक्षीय मात्रै हुन सक्दैन”, उहाँले भन्नुभयो । एमालेले केही समय अघि मात्रै मध्यपहाडी लोकमार्गलाई आधार बनाइ अभियान सञ्चालन गरेको थियो । नेकपा(माओवादी केन्द्र)ले पनि गत भदौ १६ देखि देशव्यापीरुपमा चार महिने जनतासँग माओवादी रुपान्तरण अभियान सञ्चालन गरेको थियो । सो पार्टीका मुख्य सचेतक हितराज पाण्डेले पार्टीले सञ्चालन गरेको जनतासँग माओवादी विशेषरुपान्तरण अभियानबारे हालैको बैठकमा निर्मम समीक्षा गरिएको प्रतिक्रिया दिनुभयो ।

माओवादी केन्द्रको विधान अधिवेशन र केन्द्रीय समिति बैठक केही दिन अघि सम्पन्न भइसकेको छ भने हाल स्थायी समिति बैठक चलिरहेको छ । उहाँले भन्नुभयो, “पार्टी जीवनमा यो खालको निर्मम समीक्षा आजसम्म कहिल्यै भएको थिएन । समीक्षामा अभियानका क्रममा सहभागी संरचनाको जिम्मेवारीमा रहेका निकायलाई चार भागमा विभाजन गरी सवैभन्दा उत्कृष्ट कार्यसम्पादन गर्नेलाई पुरस्कृत गर्ने निर्णय भएको छ ।”

मध्यमस्तरको कार्य सम्पादन गर्नेलाई प्रोत्साहन गर्ने तथा सुम्पिएको जिम्मेवारी सन्तोषजनक नगर्नेलाई स्पष्टीकरण सोध्ने र कारबाहीको दायरामा ल्याउने निर्णयसमेत बैठकले गरेको उहाँले बताउनुभयो। विधान अधिवेशन नियमित काम भएपनियस अधिवेशनले कमिटीमा रहने सङ्ख्या स्वाट्टै घटाउने निर्णय गरेको छ । पार्टीका नेता तथा कार्यकता माथिल्ला कमिटीमा बस्न रुचाउने तर जनतातिर गएर काम गर्न गाह्रो मान्ने चरित्रलाई सुधार ल्याउन कमिटीको सङ्ख्या घटाउने निर्णय गरेको हो ।

माओवादीले खासगरी तराई मधेसमा धेरै सम्भावना बोकेको, घना जनसङ्ख्या रहेको र थुप्रै सहर भए पनि विकास स्थिति कमजोर रहेकाले पार्टी नेतृत्वसहितका पदाधिकारीकै सहभागीतामा आगामी चैत १ देखि १५ गतेसम्म हुलाकी राजमार्गलाई केन्द्रित गरी तराई-मधेस जागरण अभियान गर्न लागेको छ । अध्यक्षसहित पदाधिकारीको सहभागितामा झापाबाट शुरु हुने अभियान कञ्चारपुरसम्म सञ्चालन हुने मुख्य सचेतक पाण्डेले जानकारी दिनुभयो ।

माओवादी केन्द्रले अर्को हिमाल-पहाड-तराईमधेश राष्ट्रिय एकता अभियान पनि सञ्चालन गर्दैछ । यसमा खासगरी नदी प्रणालीलाई आधार मानेर अभियान सञ्चालन हुनेछ । पार्टी पङ्तिलाई जिम्मेवार भई जनतामा पुग्ने विषयलाई जोड दिइनेछ । यसबाट जनताले प्रत्यक्ष अपेक्षा गर्ने भनेको बजेट निर्माणमा जनताका प्राथमिकता र अपेक्षा सम्बोधन विषय भएको मुख्य सचेतक पाण्डे भन्नुहुन्छ ।

अभियानको मुख्य लक्ष्य भनेकै समस्या पहिचान गरी पार्टी जनतासँग जोडिँदै आवश्यकता सम्बोधन गर्नु हो । नेपाली समाजमा सबै राजनीतिक पार्टी र नेता उस्तै हुन भन्ने भाष्यलाई अन्त्य गर्न अभियानले सहयोग पुर्‍याउने उहाँको भनाइ छ । “जनयुद्धमा रहँदा जनताकै सामिप्यमा रही वर्गीय, उत्पीडित जाति, पछि परेको समुदाय, पिछडिएको भूगोलसगै अनुशासन र कर्तव्य विषय प्रखररुपमा उठाइए र अभ्यासमा ल्याइएकै कारण विसं २०६४ जनताले अपार विश्वासका साथ मत जाहेर गरेका थिए । तर अहिले पार्टीभित्रको अनुशासन र टुटफूटको अवस्थालाई सच्याउन र सुधार्न अभियान सार्थक हुने विश्वास लिएको छ ।”

नेपाली कांग्रेसका नेता राजेन्द्रकुमार केसीले पार्टीले महासमितिमार्फत मुलुकमा समसामयिक राजनीतिमा देखा परेका समस्या समाधान, जनताबीचमा प्रिय पार्टीकारुपमा स्थापित गर्न लिनुपर्ने आगामी नीति र रणनीतिबारे सुझाव र सल्लाह प्राप्त गरेको प्रतिक्रिया दिनुभयो ।


उहाँले भन्नुभयो, “लोकतान्त्रिक पार्टीभित्र विचारको द्वन्द्व र मन्थन हुनु स्वभाविक छ । सदस्यहरुले आगामी दिनमा केकस्ता रणनीति र कार्यक्रम अघि बढाउँदा पार्टी बलियो हुन्छ भन्ने कोणबाट विचार प्रस्तुत भए ।”आर्थिक हिसाबाट सङ्कटमा रहेको मुलुकलाई पार्टीकातर्फबाट समृद्धि र सुशासनका लागि चल्न पर्ने कदमबारे पनि विभिन्न कोणबाट छलफल भएको बताउँदै नेता केसीले भेलामा कृषि, जनजीविका, रोजगारी, अर्थतन्त्र सुदृढीकरणलगायतका विषयमा धेरै छलफल भएको जानकारी दिनुभयो ।

उहाँले कृषिलाई आधार बनेर मुलुकमा भएका प्राकृतिक स्रोत साधनको अधिकतम उपयोग गर्दै जलस्रोत, पर्यटनको विकासका लागि स्रोत परिचालन गरी विदेश गएका युवालाई काम लगाउने एजेण्डा कार्यान्वयनमा कांग्रेस निर्मम भएर अघि बढनुपर्ने सुझाव प्राप्त भएको बताउनुभयो ।बैठकमा पार्टीले पनि त्यसखाले नीति बनाएर जाने र वर्तमान सरकारलाई पनि त्यसतर्फ अघि बढ्न निर्देशन गर्ने निर्णय भएको उहाँको प्रतिक्रिया थियो ।

मुलुकमा राजनीतिक स्थिरतका लागि विसं २०७९ मंसिर ४ गते चुनावी गठबन्धनको सरकारलाई आगामी चारवर्ष टिकाएर स्थिर सरकार दिनुपर्छ भन्ने पार्टीको निष्कर्ष रहेको उहाँको भनाइ छ । महासमिति बैठकले मुलुकमा सुशासनको प्रत्याभूति दिलाउन र समृद्धि प्राप्त गर्न वर्तमान सरकारलाई निरन्तर सहयोग र समर्थन गर्ने प्रतिबद्धता जनाएको छ । प्रमुख तीन राजनीतिक दलले आगामी निर्वाचनलाई केन्द्रित गरी विभिन्न अभियान सञ्चालन गरी जनतमाझ पुग्ने रणनीति बनाएका छन् ।

जनता समाजवादी पार्टीका नेता नवलकिशोर साह सुडीले बिहीबारको बैठकमा पार्टीको महाधिवेशन आगामी जेठमा मधेस प्रदेशको राजधानी जनकपुरमा गर्नेलगायतका पार्टीको आन्तरिक जीवन र जनतासँग जोडिएका मुख्य विषयवस्तुमा छलफल भएको बताउनुभयो ।रासस

# राष्ट्रियसभाका सांसदद्वारा मिटरब्याज पीडितलाई न्याय दिलाउन माग



टुडे समाचारदाता

काठमाण्डु । राष्ट्रियसभाका सदस्यले मिटरब्याज पीडितलाई न्याय दिलाउन सरकारको ध्यानाकर्षण गराएका छन् ।

राष्ट्रियसभाको शुक्रबारको बैठकको विशेष समयमा बोल्दै उनीहरुले मिटरब्याज पीडित न्यायका लागि सङ्घीय राजधानी आउनु दुःखद् भएको उल्लेख गर्दै भएको कानुन कार्यान्वयन गरी पीडितलाई न्याय दिलाउन सरकारसँग माग गरे ।सांसद जगतबहादुर पार्कीले तत्कालीन नेकपा नेतृत्वको दुई तिहाई बहुमतको सरकारले संसद् विघटन गर्दा व्यवस्थाका बारेमा निराशावादी सोच उत्पन्न भएको टिप्पणी गर्दै वर्तमान सत्ता गठबन्धनको सरकारले संविधानलाई मजबुत बनाउने ऐतिहासिक काम गर्न थालेको दाबी गरे ।

वर्तमान सरकारले सुशासनका काम गर्दै आएको र सिङ्गो राष्ट्रलाई समृद्धितिर लैजान खोजेको बताउँदै उनले प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले सरकार गठनका बेला गरेको प्रतिबद्धता कार्यान्वयन गर्न प्रयत्न गरिरहेको उल्लेख गरे । सांसद पार्कीले सरकारले गरेको प्रयासका कारण नै अर्बौंको सार्वजनिक जग्गा सरकारका नाममा आएको उल्लेख गर्दै सरकारले आर्थिक अवस्था सुधारका लागि सङ्कल्प गरेको बताए । साथै उनले सुदूरपश्चिममा विगतमा राष्ट्रिय गौरवका आयोजनाका लागि बजेट प्राथमिकता नपर्ने गरेको गुनासो गर्दै आगामी बजेटमा प्राथमिकतामा राख्न सरकारसँग मागसमेत गरे ।

सांसद तुलसाकुमारी दाहालले मिटरब्याज पीडित न्यायका लागि काठमाडौँमा आएका बताउँदै त्यस सम्बन्धमा कानुन बने पनि कार्यान्वयन नहुँदा पीडितले न्याय नपाएको उल्लेख गरे । उनले बालकुमारी घटनामा निर्दोष युवकको मृत्यु भएको जनाउँदै दोषीलाई कारबाही गर्न माग गरे ।

सरकारले जनताको अपेक्षाअनुसारको काम गर्न नसकेको टिप्पणी गर्दै उनले गैरजिम्मेवार काम गर्ने मन्त्रीको राजीनामा माग गरे । सांसद दाहालले जनतामा निराश बढेको र विदेश पलायन हुने क्रम बढेको सन्दर्भमा समाधानका लागि आवश्यक काम गर्न सरकारको ध्यानाकर्षण गराए ।

सांसद नारायणदत्त मिश्रले सहकारी पीडितले आफ्नो बचत फिर्ता पाउन नसकेको सन्दर्भमा सरकारले दिएर भए पनि पीडितलाई न्याय दिनुपर्ने भन्दै दोषीलाई कारबाही गर्न माग गरे । उनले नारायन-बुटवल खण्डको सडकको दुर्दशाका बारेमा जानकारी गराउँदै सडक भत्काएर जनतालाई दुःख दिन नहुने धारणा राखे । आगामी दिनमा बाटो भत्काउने र बनाउने कामसँगै गर्नुपर्ने उल्लेख गर्दै मिश्रले ठेकेदारलाई त्यही शर्तमा मात्र ठेक्का दिनुपर्ने बताए । उनले मुलुकमा प्रतिगमनकारीले टाउको उठाउन लागेको भन्दै राष्ट्रिय एकताको आवश्यकता औल्याए ।

सांसद राजेन्द्रलक्ष्मी गैरेले लुम्बिनीको विमानस्थल सञ्चालन हुन नसक्दा जनता पीडित भएको बताउँदै सञ्चालनको वातावरण बनाउन सरकारको ध्यानाकर्षण गराए । उनले अब आउने बजेटमा स्वास्थ्य, शिक्षा, कृषिलाई प्राथमिकता राख्ने गरी बजेट ल्याउनुपर्नेमा जोड दिए । सांसद गैरेले बालकुमारी घट्नामा भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वालाको दोष नरहेको खण्डन गर्दै सोसम्बन्धी प्रतिवेदन सार्वजनिक भएपछि मात्र सत्यतथ्य बाहिर आउने धारणा व्यक्त गरे ।

सांसद तुलबहादुर विश्वकर्माले वर्तमान सरकारले मुलुकभरका अतिक्रमित सार्वजनिक जग्गा फिर्ता गर्नका लागि पठाएको निर्देशनको प्रसंशा गरे । साथै उनले मिटरब्याजी पीडित न्यायका लागि काठमाडौँ आएको सम्बन्धमा सरकारको ध्यानाकर्षण गराउँदै सो सम्बन्धमा बनेको कानुन कार्यानवयन गर्न माग गरे ।

सांसद खिमलाल देवकोटाले महाविर पुनले वीरगञ्ज कृषि कारखाना सञ्चालनका लागि रकम चाहियो भने आफ्नो किताब बेचिरहेको उल्लेख गर्दै आवश्यक रकम जोहो गर्नका लागि सरकारको ध्यानाकर्षण गराए । उनले सङ्क्रमणकालीन न्यायसम्बन्धी कानुन निष्कर्षमा पुर्‍याउन सरोकारवाला सबैको ध्यानाकर्षण गराए ।

सांसद डा विमला राई पौड्यालले केही समय अघिसम्म नेपालमा चिकित्सा शिक्षाको राम्रो छाप रहेको बताउँदै नियमनको लागि ल्याइएका नयाँ मापदण्डले चिकित्सा शिक्षालाई सङ्कुचन गरेको उल्लेख गरे । उनले नेपालमा पढ्न सहज नभएपछि नेपाली विद्यार्थी सिमानामा रहेका छिमेकी मुलुकका संस्थामा पलायन हुन बाध्य भएको बताउँदै कानुन संशोधन गरेर भए पनि नेपालभित्रै पढ्न पाउने व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराए ।

# पूर्व राष्ट्रपति यादवसहित चार जनालाई राष्ट्रिय पुरस्कार प्रदान गरिने



टुडे समाचारदाता

काठमाण्डु । गणतन्त्र नेपालका प्रथम राष्ट्रपति डा रामवरण यादवसहित चार जनालाई महेन्द्रनारायण निधि तथा प्रेमसागरीदेवी निधि राष्ट्रिय पुरस्कारद्वारा सम्मान गरिने निर्णय भएको छ ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संविधान निर्माण र जारी गर्न समन्वयकारी भूमिका निर्वाह गरेको तथा नेपालको लोकतान्त्रिक आन्दोलनमा करिब पाँच दशक निरन्तर सक्रिय योगदान गरेकोमा प्रथम राष्ट्रपति डा यादवलाई महेन्द्रनारायण निधि तथा प्रेमसागरीदेवी निधि राष्ट्रिय पुरस्कार, २०८० प्रदान गरिने निर्णय भएको महेन्द्रनारायण निधि स्मृति प्रतिष्ठानका अध्यक्ष पुरुषोत्तम दाहालले जानकारी दिए ।

साथै करिब आठ दशकदेखि निरन्तर लोकतान्त्रिक आन्दोलनमा सक्रिय रहनुभएका पूर्वमन्त्री योगप्रसाद उपाध्यायलाई महेन्द्रनारायण निधि राष्ट्रिय पुरस्कार २०७९ बाट सम्मानित गर्ने निर्णय गरिएको छ । एबिसी नेपालका संस्थापक अध्यक्ष, विगत चार दशकदेखि निरन्तर महिला बालबालिकाको हक तथा मानव अधिकारका लागि सक्रिय तथा लोकतान्त्रिक आन्दोलनमा समेत योगदान दिनुभएकोमा दुर्गा घिमिरे र शास्त्रीय संगीतमा साधनारत, प्रथम नेपाली महिला तवला वादक सरिता मिश्रलाई क्रमशः २०८० र २०७९ को प्रेमसागरीदेवी निधि राष्ट्रिय पुरस्कारद्वारा सम्मानित गर्ने निर्णय भएको छ ।

विसं २०५८ मा मानार्थ अध्यक्ष विमलेन्द्र निधि र संस्थापक अध्यक्ष भानुभक्त ढकाल रहनु भइ नेपाल गौरव महेन्द्रनारायण निधिको सम्मानमा स्थापित महेन्द्रनारायण निधि स्मृति प्रतिष्ठानले विसं. २०७० देखि अहिंसा, लोकतन्त्र, सामाजिक न्याय, समुदायबीच सद्भाव, सामाजिक जागरणमा सक्रिय व्यक्तित्वहरूलाई पुरस्कार प्रदान गर्दै आएको छ । केही वर्षयता पुरस्कार राशीमा थप गरी प्रत्येक पुरस्कारको राशी रु एक लाख एक हजार बनाइएको छ । यसअघि विभिन्न क्षेत्र र विधाका ३० जना व्यक्तित्वहरू पुरस्कारद्वारा सम्मानित भइसकेका छन् ।

उक्त पुरस्कार तथा सम्मान यही फागुन १३ गते निधिको १०३औं जन्मजयन्तीका अवसरमा प्रदान गरिने छ ।

पुरस्कार चयनका लागि नेपाल सरकारका पूर्वमुख्य सचिव डा विमल कोइरालाको संयोजकत्वमा पूर्वराजदूत डा दिनेश भट्टराई, प्रा डा कुमार कोइराला, प्रा नवेन्द्र निधि सदस्य रहनुभएको निर्माण भएको थियो ।

# सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक छिटो टुङ्गो लगाउन सांसदहरुको माग

टुडे समाचारदाता

काठमाण्डु । सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक (टिआरसी) छिटो टुङ्गो लगाउन सांसदहरुले माग गरेका छन् ।

सङ्घीय संसद् प्रतिनिधिसभा अन्तर्गतको कानुन, न्याय तथा मानव अधिकार समितिको शुक्रबार सिंहदरबारमा बसेको बैठकमा सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक जतिसक्दो चाँडो समितिबाट वा प्रतिनिधिसभा बैठकमा पेस गरेर टुङ्गो लगाउनुपर्नेमा सांसदहरुले जोड दिएका छन् ।

नेपाली कांग्रेसका प्रमुख सचेतक रमेश लेखकले सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक एक हप्ताभित्र टुङ्गोमा पुर्‍याउन कानुन, न्याय तथा मानव अधिकार समितिलाई आग्रह गरे । उनले पीडित, नागरिक समाज र सञ्चारमाध्यमको दबाबलाई समेत ख्याल गर्दै उक्त विधेयक एक पटक छलफल गरेर आगामी फागुन १९ गतेभित्र टुङ्गो लगाई सक्नुपर्ने प्रस्ताव गरे ।

प्रमुख सचेतक लेखकले विधेयकमा भएका विषयमध्ये केही बुँदा मात्र सहमति हुन बाँकी रहेकाले एक पटक बैठकमा छलफल गरी टुङ्ग्याउने प्रयास गर्नुपर्ने भन्दै छलफलबाट टुङ्गोमा नपुगे त्यसलाई संसद्ले टुङ्गो लगाउने गरी पठाउनुपर्ने बताए ।

नेकपा एमालेका सचेतक महेश बर्तौलाले सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक टुङ्गोमा पुर्‍याउन विषयगत छलफलका लागि कानुन, न्याय तथा मानव अधिकार समितिअन्तर्गत उपसमिति बनाउन सुझव दिए । उनले समितिको काम फराकिलो तरिकाले गर्नका लागि उपसमिति आवश्यक रहेको धारणा राखे ।

**प्रमुख सचेतक लेखकले विधेयकमा भएका विषयमध्ये केही बुँदा मात्र सहमति हुन बाँकी रहेकाले एक पटक बैठकमा छलफल गरी टुङ्ग्याउने प्रयास गर्नुपर्ने भन्दै छलफलबाट टुङ्गोमा नपुगे त्यसलाई संसद्ले टुङ्गो लगाउने गरी पठाउनुपर्ने बताए ।**

सचेतक बर्तौलाले खानी तथा नदीबाट अवैधरुपमा उत्खनन, ढुङ्गा तथा गिट्टी सङ्कलन तथा बिक्री वितरणमा प्रदेश, स्थानीय सरकारले कानुनबमोजिम नियमन नगरेको गुनासो गरे ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद सोविता गौतमले सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक छिटो टुङ्ग्याउनुपर्नेमा जोड दिए । समितिको सभापतिले बैठक निरन्तर बोलाएर विधेयकमाथि दफावार छलफल गरेर छिटो टुङ्गो लगाउनुपर्नेमा उनले जोड दिए ।

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। भाग्य ।।

त्रेता युग मा त विस्वास दिलाउन
को लागि अग्नि परीक्षा दिनु परेको थियो
यो त कलयुग हो महोदय
कर्ममा विस्वास गरेर कहाँ वाचन
सकिन्छ,त्यति बेला त थाहा
थियो कि के गलत के सही
तापनि न्याए पाउन सकेन
मो त भाग्य मा विस्वास राख्ने
हो एउटा साधारण व्यक्ति मात्र हो
कर्म मा नि विस्वास न गरिएको हैन,
गर्दा असफलता संग समान गरे
त्यस पछि भाग्य मा विस्वास
राखि भगवान सँग सफलता को कामना गरे
कर्म संग नाता तोडी भाग्य
सँग नाता जोडी रा छु
भाग्य मा विस्वास रा खि
आफ्नो गन्तव्य खोजी रा छु।
कसलाई भन्नु आफ्नो सबैले
आफनो औकात देखाउने
कोशीस मा लागेको छ।
मेहनेत त छ तर भाग्य
मो वटा टाढा भागी रा छ।



**लेखक रोहन भुजेल**
**रा.रा.ब. जनकपुरधाम -४ (बि एड २०८०)**

## ।। कु पात बेटा ।।

बेटा जब तो छोट रहें और बर बिमारी होवे
तब हम आ तोहर माय तोरा लक यैइ डाक्टर
ओइ डाक्टर यैइ धामी ओइ धामी ल तोरा
लक जाई छलि
जब तक तोरा ठिक नै होइ छलौ तबीयत
त हम आ तोहर माए अंन पाइन त्यग दैइ छलि
मालिक के घरे काम पर जाईके छोइर दैइ छलि
और तोरा गरैस क रहै छलि
जब तो छोट रहें त बिछान पर पिसाब कदैइ छले
ओहि पिसाब पर तोहर माय सुइत रहै छलौ
जब माए तोहर खन्ना खाइत रहै छलौ तब
तो ओहि खाना मे पिसाब क दैइ छलहि
उ खन्ना कतियाक तोहर माए खाइ छलौ
तोरा पाइल पोइस क नमहर बनैलियौ
पढैलियौ लिखैलियौ काबिल बनैलियौ
सादि विवाह कदेलियौ तब तो त सब बिसैर गेले बौवा
अखन तोहर माए कते दिन सँ बिमार छौ बिछना धैने छौ
कते दिन तोरा फोन करै छियौ
तब तो कहे छे अपिस मे छुट्टी नै दैइय
जे माए तोरा लेल कि कि बेल्ना नै बेललकौ
तैइ माएके तो तरपबै छिहि
बेटा तोरो समय एतौ इन्तजार करि हे



**धनेश्वर ठाकुर**
**धनुषाधाम, ४ लक्ष्मीपुर**
**हाल सात समुद्र पार, दोहा कतार**

## ।। पैसा ।।

जुन व्यक्तिले मान्छ,
केवल पैसा नै सर्वस्व।
कदापि त्यो घमण्डी,
दिदैन कसैलाई महत्व ।।
किन ? बल देखाउनु,
पैसाको अभिमानमा।
आखिर जल्छ नै शव,
खाली हात मसानमा ।।
व्यक्तिले मेट्न सकिन्छ,
भौतिक क्षणिक भुख।
तर पैसाले किन्न सक्दैन,
जीवनपर्यन्त चिर सुख ।।
इज्जत बेचि कमाउने,
भए दरिद्र देहव्यपारी।
इज्जत बचाइ कमाउने,
भए धनिक संस्कारी ।।
पैसालाई तुच्छ मानि,
जो गर्छ निस्वार्थ काम।
मिल्छ उसैको जीवनमा,
द्वन्द्व तनावमुक्त आराम ।।
पैसा हुन् केवल साधन,
बुझ्नु है होइन गन्तव्य।
पैसा भन्दा प्रेम कमाउनु,
मानवको मूल कर्तव्य ।।



**लेखकः- राम 'रुद्राक्ष' मण्डल**
**ठेगानाः- लक्ष्मीनियाँ गा.पा.-१,सिनुरजोडा**
**धनुषा, नेपाल।**

## ।। नाङ्गो सरकार ।।

न हेर्नेलाई आँखा छ
न बोल्नलाई मुख नै
न सुन्नलाई कान छ
न वासनालाई नाक नै
न स्वादलाई जिब्रो छ
न बुझ्नलाई बुद्धि नै
छ त केवल भ्रष्टको कारोवार
छ त केवल स्वार्थको सरकार।
आँखा भएको भए
हेर्न सकिन्थ्यो जनतालाई
मुख भएको भए
मान्यता दिन्थ्यो सपथग्रहणलाई
कान भएको भए
सुन्न सकिन्थ्यो अवाज चिच्याएको
नाक भएको भए
थाहा हुन्थ्यो गन्ध दुर्गन्ध
जिब्रो भएको भए
बोल्न सकिन्थ्यो स्पष्टले
बुद्धि भएको भए
बुझ्न सकिन्थ्यो देशको अवस्थालाई
छ त केवल आफ्नो घर परिवार
धिक्कार ! छ यस्तो सरकार।
न सुरक्षित छन् मानव
न त जीवजन्तु नै
न पूर्ण छन् अधिकार कसैको
न त व्यापार नै
न आरामदायीको कमाई छ यहाँ
न त कुनै जागिर नै
न पूर्ण रूपमा बाचेको छ यहाँ
न त हाँसेको नै
छ त केवल स्रोतपातीको रोजगार
छ त केवल बाजे नातीको सरकार।
मानव सुरक्षित भएको भए
दिनहुँ बलत्कृत किन ?,
अपरिचित किन ?,
अपहरण किन ?,
विना नामाकरण किन ?,
जीवजन्तु रक्षा भएको भए
गौ हत्या किन ?,
पूर्ण हक,अधिकार भएको भए
बेला बेलामा आन्दोलन किन ?,
बेला बेलामा देश हड्ताल किन ?,
राम्रो व्यवसाय र रोजगारी पाएको भए
लाखौं नेपालीहरु खाडी मुलुकमा किन ?
छ त केवल नामको सरकार
धिक्कार! छ यस्तो सरकार।
दिनहुँ नयाँ नियम र कानून बन्छ यहाँ
बाजे नाती बाहेक
सबै गरीबहरुले जानुन भन्छ यहाँ
के को गणतन्त्र हो यो,
के को प्रजातन्त्र हो यो
को स्वतन्त्र रहन्छ त्यहाँ
दिनदिनै लुटेराले लुटि लान्छ जहाँ
सुन सुन्ने वित्तिकै पित्तल बन्छ यहाँ
चाँदी चम्किने वित्तिकै तामा
हिरा,मोतीको कुरै छोड्नुस् हजुर
जाबो एउटा मन्दिरको ढोका समेत छोडदैनन्
सुनको पानी चढेमा
देश देशमा जित्ने खेलाडीको के मतलब
यहाँ त लुट्ने लुटि लान्छ तलब।
सरकार छ ?
छ त केवल बाजे नातीको सरकार
धिक्कार! छ यस्तो सरकार।



**लेखकः धिरज महतो**
**ठेगानाः कमला न.पा-७,हथमुण्डा**

## ।। गजल ।।

म पसिना बेच्छु, तर रगत बेच्ने छैन
आफ्ना सपना बेच्छु , तर जगत् बेच्ने छैन
बेच्नु पर्ने भए बरु म मेरो घर बेच्छु
तर आफ्ना परिवार का रहर बेच्ने छैन
ब्यापार मा मेहनत गरि दुई रुपैयाँ कमाउँछु ,
तर कसैलाई धोखा दिई आफ्नो इमान बेच्ने छैन
यो देशकै लागी आफ्नो सम्मान बेच्छु ,
तर ई नेताहरु जस्तै शहिद को बलिदान बेच्ने छैन
गुजारा चलाउन, गिता, रामायण र कुरानबेच्छु
तर यसले सिकाएको पाठ र ज्ञान बेच्नै छैन
कोही सगरमाथा, कोही जनकपुर, त कोहि धरान किन्छु भन्छन्
यो छिमेकी मुलुकहरु....
उसलाई भन्दैऊ म आफ्नो शिर बेच्छु तर नेपालीको पहिचान बे



**बलराम गुप्ता**
**जनकपुरधाम ११**

## ।। ट्राफिक ।।

ट्राफिक नियम पनि एउटा रुल हो
दुर्घटना बाट बचाउने एउटा मूल हो
सबैलाई ट्राफिक नियमको पालना गर्नुपर्छ!!

ट्राफिक नियम पनि एउटा नियम हो भन्ने मान्नुपर्छ कसरी ट्राफिक
नियम पालना गर्नुपर्छ भन्ने जान्नुपर्छ यातायात साधन लाई धेरै
फास्ट नकुढाउ!!

आफूलाई एउटा ट्राफिक नियममा हिडाउ
अरु लाई पनि यो कुराहरू बताउनु पर्छ
ट्राफिक नियम को पालना गर्नु पर्छ भन्ने जान्नुपर्छ पर्छ!!

यातायात चलाउनु समय नियमको राख्नु पर्छ ध्यान यसबाट
अरूलाई पनि हुन्छ ट्राफिक को ज्ञान!!
सडक सुरक्षा आनेकी हाम्रो जीवन सुरक्षा
ट्राफिक नियम को पालना गर्नु पर्छ भन्ने जानो !!

**लेखकःअनुप कुमार यादव (कानुन संकाय विधार्थी)**
**अध्ययनः मोनाष्टिक कलेज जनकपुर धाम**
**ठेगानाः मिथिला बिहारी नगरपालिका कचुरी वार्ड नंः८**

## ।। आजीवन ।।

परीनिता हौ तिमि मेरो
आजीवन तिमि विजयि रहु मेरो
कुनै कलेशले नछुओस तिमिलाइ
तिमि रहु सदा प्रमेश्वरी नारी
तिम्रो लागि हृदय मा ठाँउ रहने छ
चरणकमल तिम्रो सुखहाली रहोस
जहाँ गएपनि तिमि मेरो प्रिएसि
रातो र चन्द्र सुर्य झै जँगि बनि रहु
हामि दुवै प्राणि
मानसिकता रहोस अटल तिम्रो
मेरो पनि रहोस सफल अनुयायी
व्रत तिम्रो मनोरथ सफल बनोस
स्रोत मेरा रहोस सकुशल
माया नगरि यो मिलिजुलि हामि पंचतत्व रहु खुशहाल
आमाको स्रद्धा र बुवाको विश्वासमा रहु हामि उज्जवल
परिनिता हौ तिमि मेरो
आजिवन तिमि विजयी रहु मेरो



**प्रमोद राम**
**जनकपुर ९**

# 'डिग्री माइला'को 'सुस्त सुस्त' गीतमा दयाहाङ र आँचलको केमेस्ट्री

काठमाण्डु । आगामी नयाँ वर्ष २०८१ मा प्रदर्शन हुन लागेको रामबाबु गुरुङ निर्देशित फिल्म 'डिग्री माइला : एमए थर्ड क्लास'को पहिलो गीत 'सुस्त सुस्त' सार्वजनिक गरिएको छ । रोमान्टिक भावको गीतमा फिल्मका मुख्य अभिनेता दयाहाङ राई र अभिनेत्री आँचल शर्मा देखिएका छन् । गीतले उनीहरुको एकअर्काप्रति आकर्षण, प्रेम, आशक्ति र समर्पण बोल्छ । दुवैको केमेस्ट्री सुहाएको देखिन्छ ।

यो गीतमा एसडी योगीको संगीत, दिल्लु चम्लागाईको शब्द रचना तथा एसडी योगी र विज्ञानी पराजुलीको स्वर छ । युमी बलामीको कोरियोग्राफी र रेनेशा वान्तवा राईको डिरेक्टर अफ कोरियोग्राफी रहेको गीतको भिडियो आकर्षक बनेको छ । विशेषगरी गीतको अडियो बुलन्द छ।शब्दप्रेमिल भावको छ भने संगीत पक्ष कर्णप्रिय सुनिन्छ। गायनमा एसडी र विज्ञानीको 'ट्यूनिङ' मिलेको छ।

बाँसुरी फिल्मस्को ब्यानरमा निर्माण भएको फिल्ममा विजय बराल, माओत्से गुरुङ, बुद्धि तामाङ, प्रकाश घिमिरे, कमलमणि नेपाल लगायतको पनि अभिनय छ। 'किन चाउरिस मरिच आफ्नै रागले' भन्ने उखानलाई ट्यागलाइन बनाएको फिल्मले थर्ड डिभिजनमा मास्टर डिग्री पास गरेको एक शैक्षिक बेरोजगारको कथा पेस गर्छ । 'डिग्री माइला' नाटकमा आधारित भएर यो फिल्म बनेको हो । फिल्मीखबर



# रेखाले अमेरिकामा दिइन् छोरीलाई जन्म



काठमाण्डु । अभिनेत्री रेखा थापा आमा बनेकी छन् । उनले शुक्रबार बिहान अमेरिकाको कोलोराडो शहरको एक अस्पतालमा छोरीलाई जन्म दिएकी हुन् । अस्पतालको शैय्यामा छोरीलाई छातीमा टाँसेर श्रीमान् बलराम शाही ठकुरीसँगको केही तस्वीर सामाजिक सञ्जालमा सेअर गर्दै रेखाले आफू आमा बनेको जानकारी गराएकी हुन् । उनले छोरीको नाम वैभवी राज्यलक्ष्मी शाही ठकुरी राखेकी छन् ।

रेखाले लेखेकी छन्, 'हेर आकाशमा कालो बादल वरिपरि चादिको घेरा छ, हेर धर्तिमा तिमी जन्मनको महान् कारण छ ।' पहिलो सन्तानलाई जन्म दिन रेखा गत मंसिरमा श्रीमानको साथमा अमेरिका उडेकी थिइन्। एकातिर उनी आमा बन्दै गर्दा अर्कोतिर उनी अभिनीत फिल्म 'उपहार' यही फागुन २५ गतेबाट प्रदर्शनमा आउँदैछ। यसअर्थ फागुन महिना उनका लागि विशेष देखिएको छ। २०७८ सालको माघ अन्तिममा रेखाले शाहीसँग कानुनी विवाह गरेकी थिइन्। उनको यो दोस्रो विवाह हो । बिहेअघि रेखा र शाही केही समयदेखि प्रेम सम्बन्धमा थिए । रेखाले गर्भवती अवस्थामै 'उपहार'मा काम गरेकी हुन्। छायांकनको बेला उनको गर्भमा ६ महिनाको शिशु हुर्किरहेको थियो । प्राप्त जानकारी अनुसार, रेखा आगामी बैशाखमा श्रीमान् र सन्तानसहित नेपाल आउने छिन्। फिल्मीखबर

# प्रतिपक्षीका कारण गणपूरक संख्या नपुगेको भनेपछि...

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली काांग्रेसका सांसद राजेन्द्रकुमार केसीले बिहीबारको संसद् बैठकमा राजनीतिक दलसम्बन्धी विधेयकलाई निर्णयार्थ पेस गर्ने क्रममा प्रमुख प्रतिपक्षी नेकपा (एमाले)का सांसद बैठक छाडेर बाहिरिएको र गणपूरक संख्या नपुगेको भनेपछि एमाले सांसदले उठेर विरोध जनाएका छन् ।



सभामुख देवराज घिमिरेले बारम्बार यथास्थानका बस्न बारम्बार आग्रह गरे पनि एमाले सांसदले उठेर नाराबाजी गर्न थालेपछि बैठक केहीबेर प्रभावित बन्यो ।

बैठकमा सांसद केसीले सदन सत्तापक्षको मात्र नभई प्रतिपक्षीको पनि भएको उल्लेख गर्दै प्रतिपक्षी पनि जिम्मेवार हुनुपर्ने बताए।"महासमिति बैठकका कारण काांग्रेसका सांसदको संख्या कम थियो, तर हामी बैठकमा बसिरहेका थियौँ, प्रतिपक्षीबाट जानाजान विधेयकलाई असफल पार्ने काम भएको छ । विधेयक साझा कुरा हो, एक वर्षमा एउटा मात्रै विधेयक पास भएको विगतको उहाहरण हो", उनले भने, "विधेयक पारित गर्नु सत्तापक्षको मात्रै जिम्मेवारी होइन, प्रमुख प्रतिपक्षी पनि उत्तिकै जिम्मेवार हुनुपर्छ ।"

एमालेका प्रमुख सचेतक पदम गिरीले प्रतिपक्षीले सदनलाई अवरुद्ध गर्न नखोजेको बताए । सत्तापक्षबाट नै प्रतिपक्षीप्रति आरोप लगाउने काम भएको बताए । एकैछिनको होहल्लापछि संसद् नियमित कार्यसूचीमा प्रवेश गरेको छ । राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद विराजभक्त श्रेष्ठले संसद्मा गणपूरक संख्या पुग्न नसकेको अवस्थामा प्रतिपक्षीलाई असहयोग गरेको आरोप लगाउन नमिल्ने बताए । राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद ज्ञानबहादुर शाहीले संसद्को कार्यतालिकालाई सबै राजनीतिक दलले पालना गर्नु आवश्यक रहेको बताए ।

सांसद माधव सापकोटाले प्रमुख प्रतिपक्षीले सदनमा सत्ता पक्षलाई निषेध गरेको आरोप लगाउनुभयो । "सत्ता पक्ष बोल्न थालेपछि प्रतिपक्षीले होहल्ला गर्न मिल्छ ?", उनले प्रश्न गरे, "प्रमुख प्रतिपक्षीलगायत प्रतिपक्षी दलले सदनलाई निर्बाध चल्न दिनुपर्छ ।"प्रतिनिधिसभाको बिहीबारको बैठकमा राजनीतिक दलसम्बन्धी ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयक, २०८० पेस गर्ने कार्यसूची थियो ।

बैठकमा उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठका तर्फबाट सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले विसं २०७८ मा ल्याइएको दलसम्बन्धी अध्यादेश खारेज भइसकेकाले साविकको ऐनमा भएका व्यवस्थाहरु कायम राख्नका लागि विधेयक पेस गर्ने तयारी गरेका थिए ।उक्त विधेयक पेस नगर्न नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले राखेको विरोधको सूचनालाई सभामुख देवराज घिमिरेले बैठकमा निर्णयार्थ पेस गर्न लाग्दा नेकपा (एमाले) का सचेतक महेश बर्तौलाले गणपूरक संख्या यकिन गर्न माग गरेका थिए ।

तत्पश्चात् सभामुख घिमिरेले तीन मिनेटको जनाऊ घन्टी बजाई सचिवालयमार्फत संख्या यकिन गर्न लगाउँदा एक चौथाइ सदस्य नपुगेपछि विधेयक पेस गर्ने कार्यसूची हटाइयो ।

सभामा हाल कायम रहेकाको एक चौथाइ पुग्न ६९ सदस्य उपस्थित हुनुपर्नेमा ६५ सदस्य मात्रै उक्त समयमा उपस्थिति भएपछि बिहीबारको संसद् बैठक शुक्रबारसम्मका लागि स्थगित भएको थियो ।

## समस्याको समाधानका लागि प्रयास भइरहेको छ

**टुडे समाचारदाता**

काठमाण्डु । खानेपानीमन्त्री महिन्द्रराय यादवले तराई-मधेस क्षेत्रमा देखिएको खानेपानी समस्याको दीर्घकालीन समाधानका लागि प्रयास भइरहेको बताउनुभएको छ ।प्रतिनिधिसभाको आजको दोस्रो बैठकमा सांसदहरुले उठाउनुभएको प्रश्नको जवाफ दिँदै उनले उक्त समस्या समाधानका निम्ति वन मन्त्रालय र ऊर्जा मन्त्रालयसँग पनि छलफल गरिएको बताए ।

मन्त्री यादवले दीर्घकालीनरुपमा समस्या समाधानका लागि तराई-मधेसमा रहेका अधुरा खानेपानी ट्याङ्क निर्माण सम्पन्न गर्न आवश्यक बजेट व्यवस्थापनका लागि अर्थ मन्त्रालयसँग छलफल गरिएको बताए । "मधेस-प्रदेशमा हाल देखिएको खानेपानी समस्याको दीर्घकालीन समाधानका लागि एक मात्र विकल्प प्राकृतिक पुनर्भरणका रुपमा रहेको चुरे क्षेत्र हो । चुरे संरक्षण नै यसको दिगो समाधान हो", उनले भने ।

# सुशासन, सामाजिक न्याय र समृद्धिको यात्रा नै समाजवादको यात्रा : प्रधानमन्त्री



**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले सुशासन, सामाजिक न्याय र समृद्धिको यात्रा भनेर सुरु गरिएको यात्रा समाजवादको यात्रा भएको बताएका छन् ।

तेइसौं मजदुर बलिदान दिवसका अवसरमा शुक्रबार आयोजित कार्यक्रममा उनले भ्रष्टाचार नियन्त्रण गरेर सुशासन कायम गरेर मात्र समाजवादको आधार तयार हुने बताए ।

"गरिब एवं किसानको हकअधिकार स्थापित नहुँदासम्म समाजवाद आउन सक्दैन, सबैले आफ्नो क्षमताअनुसारको काम गर्ने, कामअनुसारको दाम पाउने अवस्था आउनुपर्छ," प्रधानमन्त्रीले भने, "त्यसकारण सुशासन, सामाजिक न्याय र समृद्धिको यात्रा एकअर्कामा अभिन्न रुपले जोडिएका अवयव हुन्, समाजवादको आधार तयार पार्ने कुरा हो ।"

मजदुर-किसानको एकता एवं सही विचार र नेतृत्वको बलमा देशमा सङ्घी लोकतान्त्रिक गणतन्त्र स्थापना भएको स्पष्ट पार्दै उनले भने, "हाम्रा सहिद, बेपत्तायोद्धाको त्याग र बलिदान खेर गयो कि भनेर सोच्न हुन्न, समावेशिता एवं महिलाको प्रतिनिधित्व छ, उत्पीडित जाति, जनजाति एवं मधेसी र मुस्लिमले जेजति अधिकार पाएका छन्, त्यो महान् सहिद र बेपत्ताको त्याग र बलिदानबाटै प्राप्त भएको हो ।"

समाजवादी क्रान्तिको नेतृत्व मजदुर-किसानकै हुने भएकाले अबको आन्दोलनमा उहाँहरूको भूमिका बढेको उल्लेख गर्दै प्रधानमन्त्रीले मजुरलाई अझ राम्रोसँग सङ्गठित हुने र विचारमा अझ बढी स्पष्टता हासिल गर्न सुझाव दिए ।

उनले संघीय लोकतान्त्रिक गणतन्त्रप्रति प्रतिक्रियावादीले धावा बोल्न खोजेको उल्लेख गर्दै त्यसको प्रतिवाद गर्नुपर्नेमा जोड दिए ।

शान्ति प्रक्रियाका केही काम बाँकी रहेकाले सबै सहिद तथा बेपत्ता परिवारले राज्यका तर्फबाट पाउनुपर्ने परिपूरण एवं सम्मान पाउन नसकेको जनाउँदै प्रधानमन्त्रीले सङ्क्रमणकालीन न्यायसम्बन्धी ऐन संसद्ले पारित गरेपछि बलिदानप्रति गर्व हुने विश्वास व्यक्त गरे ।

# 'जनताको प्रतिनिधित्व गरेको हाम्रो बोली, बोलीमा मात्र सीमित नहोस्'

काठमाण्डु । नेपालको राष्ट्रिय हितलाई सर्वोपरि मानेर जनउत्तरदायी, सहभागितामूलक, लोकतान्त्रिक राज्य र शासन व्यवस्था प्रवर्द्धन गर्ने उद्देश्यले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) राजनीतिको मूलधारमा आएको बताउनुहुन्छ राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद शिव नेपाली । उहाँ भन्नुहुन्छ-सबै वर्ग, जाति, लिङ्ग, समुदायका आवश्यकता र मागलाई पार्टीको मूल संरचनाबाटै उठाई राजनीतिलाई भन्दा कामलाई हामीले प्राथमिकतामा राखेका छौं । भ्रष्टाचारविरुद्ध निर्ममरूपमा प्रस्तुत हुन हाम्रो पार्टी दृढ छ । राजनीतिलाई सुसंस्कृत र सम्मानित बनाउन हाम्रो पार्टी प्रतिबद्ध छ ।



उहाँ भन्नुहुन्छ-मुलुकमा मौलाएको भ्रष्टाचारविरुद्ध मुख्य एजेण्डा बनाई खराब प्रवृत्तिप्रति निरन्तर आवाज बुलन्द पार्न हामी अडिग छौं । हाम्रो पार्टीमा प्रवेश गर्दैगर्दा तथा प्रतिनिधित्व जनाउँदा राज्यले दिएको सेवासुविधा प्रयोग गरे पनि जनतालाई मारमा पारेर अनियमितताका गतिविधि गर्नेविरुद्ध हाम्रो पार्टी लागिरहन्छ ।

सांसद नेपालीका अनुसार राजनीति जनताको सेवा हो । सेवाभावले राजनीति गर्नुपर्छ भन्ने भाव नेपाली राजनीतिमा देखिँदैन । मुलुकको आधारभूत आवश्यकता तथा प्राथमिकताका क्षेत्रलाई दृष्टिगत गरी सांसद आफ्नो जिम्मेवारीमा अडिग रहनुपर्छ । जनताको प्रतिनिधित्व गर्ने सर्वोच्च निकाय संसद्मा सांसदले उठाएका आवाजलाई सरकारले सम्बोधन गर्नुपर्छ । जनताको प्रतिनिधित्व गरेको हाम्रो बोली, बोलीमा मात्र सीमित नहोस् । सांसदको सार्थकता संसद्मा उठाइएका विषय स्थापित भए/नभएकामा निर्भर गर्दछ । संसद्मा उठाएका विषयलाई कार्यान्वयन गर्न सरकार प्रतिबद्ध हुनुपर्छ ।

"हिजो म जनता थिएँ, राजनीतिक दलले राष्ट्र निर्माणका क्रममा गरेका विषयमा नियालेका हुन्थ्यौं । प्रश्न गरेका हुन्थ्यौं । आज म प्रतिनिधिसभामा जनताको प्रतिनिधित्व गर्दैगर्दा मैलै गरेका कामप्रति तथा मप्रति जनताले प्रश्न गर्ने ठाउँ रहन्छ । यस विषयमा म जिम्मेवार बन्नुपर्छ । दलित समुदायबाट मैले संसद्मा प्रतिनिधित्व गर्दैगर्दा समग्र मुलुकसँगै दलित समुदायको प्रतिनिधित्व पनि गर्नुपर्छ । कानुन निर्माण गर्ने र जनताको आवाज बुलन्द गर्ने मुख्य थलो संसद्लाई प्रभावकारी बनाउन राष्ट्र र जनतालाई केन्द्रमा राखेर अघि बढ्नुपर्छ," उहाँ भन्नुहुन्छ ।

राससँगको संवादमा सांसद नेपालीले भन्नुभयो-संसद्मा अहिले हामी प्रतिपक्षको भूमिका निर्वाह गरिरहेका छौं । संसदीय अभ्यासमा प्रतिपक्षको भूमिका महत्त्वपूर्ण हुन्छ । संसद्मा प्रतिपक्षमा रहिरहँदा हाम्रो मुख्य भूमिका सरकाले गरेका कामको अवलोकन गरी रचनात्मक आलोचना गर्दै सही बाटोमा डोहोर्याउनु हो । जसमा हामी प्रतिबद्ध छौं, पार्टी प्रतिबद्ध छ ।

नेपाली राजनीतिमा नयाँ दलको रूपमा संसद्मा प्रवेश गर्दैगर्दा जुन हुटहुटी लिएर प्रवेश गरेका थियौं, अभ्यासमा भने अपेक्षाअनुरुप हुन सकेन । हुन त हामी सिक्ने क्रममा छौं, सिक्दैं छौं । म यातायात व्यवसायी तथा दलित समूहबाट प्रतिनिधित्व गरेका हिसाबले संसद्मा विशेषगरी यातायात व्यवसायी, दलित समुदायका मुद्दालाई प्राथमिकतामा राखेको छु । यी मुद्दालाई स्थापित गर्नुपर्छ र जनताका आधारभूत आवश्यकता परिपूर्ति हुन नसकेका विषयलाई ध्यान दिएर शून्य, विशेष, आकस्मिक समयमा आवाज उठाउँदै आएको छु ।

पछिल्लो समय अध्ययन तथा रोजगारीका सिलसिलामा ठूलो सङ्ख्यामा युवाको बहिर्गमन देशका लागि सुखद् पक्ष होइन । हामीले युवालाई देशमा बस्ने वातावरण सिर्जना गर्न युवाको क्षमता, आवश्यकताको सुक्ष्म अध्ययन गरी सोहीअनुरुपको रोजगारी सृजना गर्नेतर्फ मुलुक उन्मुख हुनुपर्छ ।

स्वदेशमा नै रोजगारीको अवसर सिर्जना गरी राष्ट्रिय उत्पादन अभिवृद्धिमा जोड दिनुपर्छ । परिणाममुखी, सीपमूलक, नैतिक, रोजगारी केन्द्रित, व्यवहारिक शिक्षा प्रणाली अवलम्बन गरी शिक्षा प्रणालीलाई समयानुकूल बनाई सबै नागरिकको समान पहुँच स्थापित गर्नुपर्छ । आर्थिक अवस्थालाई स्तरोन्नति गर्न युवाको रोजाइ बाह्य मुलुक बन्न पुग्यो । यस्तो अवस्थालाई निराकरण गर्न नीतिगत सुधार, निजी तथा सहकारी क्षेत्रसँगको सहकार्यलाई सुदृढ बनाउँदै मुलुकभित्रको जनशक्ति सदुपयोग गर्न आवश्यक छ । गर्न सक्ने र खुबी भएका युवालाई समयसापेक्ष नीतिगत व्यवस्था गरी रोक्ने वातावरण बनाउन जरुरी छ ।

संसद्को चालु अधिवेशनमा पार्टीले संसद्मा गैरसरकारी विधेयक (प्राइभेट बिल) लैजाने विषयमा छलफल भइरहेको छ । नेपालको इतिहासमा प्राइभेट बिललाई त्यति महत्त्वपूर्णरूपमा हेरिएको रहेनछ । आ-आफ्नो विज्ञताअनुसार दलभित्रका सांसद कानुनलाई समयसापेक्ष, गुणस्तरीय बनाउन प्रयास गरिरहनुभएको छ । विज्ञको टोलीसँग संसदीय अभ्यासलाई कसरी प्रभावकारी बनाउने, नीति-निर्माण प्रक्रियालाई प्रभावकारी बनाउने सम्बन्धमा नियमित छलफल गरिरहेका छौं । नेपाली समाजको परिवेशअनुसार, जनताको आवश्यकतानुसार राजनीतिक व्यवस्थालाई थप मजबुत बनाउन विज्ञसँगको छलफललाई अझ सुदृढ बनाउन आवश्यक ठानेका छौं ।

सङ्घीय सांसदको मुख्य जिम्मेवारी कानुन निर्माण हो भन्ने जनतालाई नेपालको राजनीतिक दलले बुझाउन सक्नुभएको रहेनछ कि जस्तो मैले अनुभव गरेँ । सांसदले करोडौंसम्मको बजेट पारिदिएर विकास निर्माण गरिदिने भन्ने जुन नेपाली समाजमा भाष्य निर्माण भएको छ । स-साना बजेटमा रमाउन हाम्रो समाजलाई सङ्घीय सांसदको भूमिका बुझाउन जरुरी छ । आफ्नो निर्वाचन क्षेत्रमा जाँदा बजेट चाहियो भन्ने जनताको आवाजलाई हामी कसरी सम्बोधन गर्ने ? सांसदसँग आर्थिक सहयोग माग्ने परिपाटीले जनतासमक्ष असहज हुँदोरहेछ । हामीले उठाएका मुद्दा स्थापित भएपछि मात्र राजनीतिक अनुभव अझ प्रगाढ होला । नेपाली जनताको सेवक हुन धेरै बाँकी छ । अनुभव बटुल्दै जानेछौं । अहिले हाम्रा प्रतिबद्धतालाई धेरै साकार पारिसकेका छैनौं । धेरै गर्न बाँकी छ ।

सांसद नेपाली गण्डकी प्रदेशको कास्की जिल्लाबाट प्रतिनिधित्व गर्नुहुन्छ । समानुपातिक निर्वाचन प्रणालीबाट चयन हुनुभएका उहाँ प्रतिनिधिसभा सदस्य हुनुहुन्छ । विसं २०७९ देखि राजनीतिक दलमा आबद्ध हुनुभएका सांसद नेपालीसँग खेल, सामाजिक तथा यातायात क्षेत्रसम्बन्धी अनुभव छ ।रासस

# कानुन निर्माण सरकारको उच्च प्राथमिकतामा : मन्त्री

**टुडे समाचारदाता**

काठमाण्डु । कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले सङ्घीयता तथा संविधान कार्यान्वयनका लागि कानुन निर्माण सरकारको उच्च प्राथमिकतामा रहेको बताएका छन् ।



राष्ट्रियसभाको शुक्रबारको बैठकमा 'मौलिक हक कार्यान्वयनका लागि बन्न बाँकी कानुन २०८१ असोज ३ गतेसम्म निर्माण गरिसक्नुपर्नेसम्बन्धी' सङ्कल्प प्रस्तावमाथिको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै उनले सो कुरा बताएका हुन् ।

मन्त्री गुरुङले उक्त प्रस्तावका सम्बन्धमा यसअघि पनि छलफल भएको र सो सम्बन्धमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले नै सरकारकोतर्फबाट धारणा व्यक्त गरिसक्नुभएको जानकारी गराए ।मन्त्री गुरुङले सरकारले संविधान कार्यान्वयनको कार्ययोजना बनाएर कानुन निर्माणलाई प्राथमिकता साथ अघि बढाएको बताउँदै यो सबैको साझा कार्यभार भएको उल्लेख गरे । उनले हालसम्म नयाँ १३१ कानुन, ४६ संशोधन र १३ केही नेपाल ऐन संशोधन गरी १९० ऐन बनिसकेको जानकारी दिए ।

बैठकमा सांसद दिलकुमारी रावल थापा पार्वतीले 'मौलिक हक कार्यान्वयनका लागि बन्न बाँकी कानुन २०८१ असोज ३ गतेसम्म निर्माण गरिसक्नुपर्नेसम्बन्धी' सङ्कल्प प्रस्ताव प्रस्तुत गरेका थिए ।

सो प्रस्तावका समर्थक सांसदहरु देवेन्द्र दाहाल, अनिता देवकोटा, गोपीबहादुर सार्की अछामी, महोम्मद खालिद, शेखरकुमार सिंह, डा विमला राई पौड्याल र खिमलाल देवकोटाले आ-आफ्ना धारणा व्यक्त गरेका थिए । सङ्कल्प प्रस्तावमाथिको छलफलमा बैठकमा सांसदहरुले बोलेका थिए । बैठकले सङ्कल्प प्रस्ताव सर्वसम्मतिले स्वीकृत गरेको छ ।

# संसद्मा संयमता र धैर्यताका साथ प्रस्तुत होऔँ : नेता लेखक

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली काांग्रेसका प्रमुख सचेतक रमेश लेखकले संसद्मा कुनै पनि अवरोध नगरी संयमता र धैर्यताका साथ प्रस्तुत हुन प्रतिपक्षी दलहरुलाई आग्रह गरेका छन् । प्रतिनिधिसभाको शुक्रबारको दोस्रो बैठकको प्रारम्भमा सम्बोधन गर्दै उनले संसद्लाई बढीभन्दा बढी प्रभावकारी बनाउन अनुरोध गरे ।



जनताले यही संसद्बाट मुलुकको समृद्धिको आशा राखेका उल्लेख गर्दै सांसद लेखकले सदनलाई स्वस्थ्य, सभ्य, मर्यादित र जिम्मेवारी बनाउन आग्रह गरे । "सदन प्रभावकारी हुन सकेन भने त्यसको प्रत्यक्ष प्रभाव सरकारमाथि पर्न सक्छ । सरकार पनि निष्प्रभावी बन्न सक्छ । संसद्को प्रभाव संविधान र व्यवस्थामाथि पर्न सक्छ", उनले भने ।

संसद्मा आलोचना, प्रतिआलोचना र घोचपेच हुने उल्लेख गर्दै सांसद लेखकले यी विषयलाई सामान्यरुपमा लिनुपर्ने बताए । संसद्मा सबै सांसद आफ्ना कुरा राख्नका लागि धैर्य र अरुका कुरा सुन्नका लागि संयमित हुनुपर्छ भन्दै उनले भने, "सदनभित्र प्रतिपक्षले सरकारले आलोचना गर्छ, माग गर्छ, त्यो प्रतिपक्षको धर्म हो । प्रतिपक्षले आलोचना गर्‍यो भनेर सत्तापक्ष आक्रोशित हुनुपर्दैन ।"

प्रतिपक्षी सरकार कुरिरहेको पार्टी हो भन्दै प्रमुख सचेतक लेखकले प्रतिपक्षका बारेमा पनि सत्तापक्षका केही धारणा रहेको हुनसक्ने र त्यो अभिव्यक्ति हुँदैमा प्रतिपक्षी आतङ्कित हुनु नपर्ने बताए । "सरकारले चालु अधिवेशनमा धेरै विधेयक तयारी गरेको छ । यो अधिवशेनबाट धेरै विधेयक पारित गर्नुछ । जनतालाई यही संसद् र व्यवस्थाले हित गर्नसक्छ भन्ने विश्वास दिलाउनु छ । हामी सबै मिलेर अगाडि बढ्नुपर्छ", उनले भने ।

नेकपा (एमाले)का सचेतक महेश बर्तौलाले सरकारसँग जोडिएका विषयमा प्रतिपक्षले सरकारको जवाफ माग गरेको उल्लेख गर्दै त्यसको प्रतिरक्षाको तहमा कुनै सांसद उभिन नहुने बताए । उनले अब बस्ने बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्रतिपक्षी दलले उठाएका सरोकारका विषयमा सम्बोधन गर्नुपर्ने बताए ।

# अविलम्ब प्रतिवेदन सार्वजनिक गर्न माग

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) को सचिवालय बैठकले सरकारसँग बालकुमारी घटना जाँचबुझ आयोगको प्रतिवेदन अविलम्ब सार्वजनिक गर्न माग गरेको छ ।




पार्टी अध्यक्ष माधवकुमार नेपालको अध्यक्षतामा बिहीबार भएको बैठकमा प्रतिवेदनको थप अध्ययनपछि भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालालाई वा पार्टीलाई नै सरकारबाट फिर्ता बोलाउने विषयमा पार्टीले निर्णय लिने समझदारी भएको केन्द्रीय प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले जानकारी दिए । गत पुस १३ गते बालकुमारी घटनामा दुई युवकको मृत्यु भएको थियो ।


बैठकमा देशको समसामयिक राजनीतिक अवस्था, सरकारको नीति तथा कार्यक्रमअनुसार कार्यप्रगतिको समीक्षा, मिटरब्याज पीडितका समस्या, सुशासन कायम गर्न पार्टीले निर्वाह गरेको भूमिकालगायत विषयमा छलफल भएको थियो ।

पार्टीले सञ्चालन गरेको महाधिवेशन केन्द्रित अभियान, पार्टी निकट जनवर्गीय सङ्गठनका कार्यक्रमबारे पनि बैठकमा छलफल भएको थियो ।

# अमेरिकी निजी यान ५० वर्षभन्दा बढी समयपछि पहिलोपटक चन्द्रमामा अवतरण

एपी

केप कानाभेरल । एक निजी यानले बिहीबार ५० वर्षभन्दा अधिक वर्षमा चन्द्रमामा पहिलो अमेरिकी 'टचडाउन' गरेको छ । यद्यपि उडान नियन्त्रकहरूले राम्रो सम्पर्क प्राप्त गर्नका लागि सङ्घर्ष नगरेसम्म कमजोर सङ्केत मात्र प्राप्त गर्न सकेका थिए ।



खराब सञ्चार भए पनि यानको निर्माण तथा व्यवस्थापन गर्ने कम्पनी इन्ट्यूटिभ मसिन्सले यानले सिधै अवतरण गरेको पुष्टि गरेको छ । यद्यपि यान चन्द्रमाको दक्षिणी ध्रुव नजिक आफ्नो इच्छित गन्तव्यमा पुगेको थियो वा थिएन भन्नेबारे कम्पनीले कुनै थप विवरण दिएको छैन । यानबाट कमजोर सङ्केत प्राप्त हुने बित्तिकै कम्पनीले आफ्नो लाइभ वेबकास्ट बन्द गरेको थियो ।

मिसन निर्देशक टिम क्रेनले कम्पनीको ह्युस्टन नियन्त्रण केन्द्रमा तनावको स्थितिको बारेमा भन्नुभयो, "निस्सन्देह हाम्रो उपकरणहरू चन्द्रमाको सतहमा भएको हामी पुष्टि गर्न सक्छौँ ।" इन्ट्यूटिभ मसिन्सका कार्यकारी प्रमुख स्टिभ अल्टेमसले भन्नुभयो, "मलाई थाहा थियो यो ठूलो चिन्तापूर्ण र तनावपूर्ण थियो तर हामी सतहमा छौँ र प्रसारण गर्दैछौँ, चन्द्रमामा तपाईंलाई स्वागत छ ।" टचडाउनको दुई घन्टापछि कम्पनीको घोषणाअनुसार अन्ततः डाटा प्रवाह सुरु भएको छ । नासाको प्रसिद्ध अपोलो मुनवाकर्सपछि पहिलो पटक अवतरणले अमेरिकालाई सतहमा फर्काएको छ ।

इन्ट्यूटिभ मसिन्स चन्द्रमामा अवतरण गर्ने पहिलो निजी व्यवसाय पनि बनेको छ । यो उपलब्धि केवल पाँच मुलुकले मात्र हासिल गरेका छन् । अर्को अमेरिकी कम्पनी एस्ट्रोबोटिक टेक्नोलोजीले गत महिना यसलाई सट दिएको थियो तर चन्द्रमामा पुग्न सकेन र यान पृथ्वीमा फर्कँदा दुर्घटनाग्रस्त भयो । दुवै कम्पनी चन्द्र अर्थतन्त्रलाई गति दिनका लागि नासा समर्थित कार्यक्रमका हिस्सा हुन् । एस्ट्रोबोटिक सबैभन्दा पहिला बधाई दिने मध्येको एक थियो । "एउटा अविश्वसनीय उपलब्धि, हामी निकट भविष्यमा चन्द्रमाको सतहमा तपाईंसँग सामेल हुनका लागि प्रतीक्षा गर्न सक्तैनौँ", कम्पनीले सामाजिक सञ्जाल एक्समा भनेको छ । नासाका प्रशासक बिल नेल्सनले ट्विट गर्नुभयो, "इन्ट्यूटिभ मसिन्सले जीवनभरको अवतरणलाई गति दियो ।"

यानको नेभिगेसन प्रणाली विफल हुँदा अवतरणअघिको अन्तिम केही घन्टा थप तनावपूर्ण बनेको थियो । कम्पनीको उडान नियन्त्रण टोलीले प्रगोगात्मक नासा लेजर प्रणालीलाई कार्यान्वयनमा ल्याउनुपर्यो । यानले अन्तिम मिनेटको स्विचका लागि समयको अनुमति दिनका लागि चन्द्रमाको चारैतिर थप एउटा चक्कर लगाउनुपर्यो ।

अन्ततः उक्त परिवर्तनसँगै ओडिसियस चन्द्रमा-स्किमिङ कक्षबाट उत्रियो र दक्षिणी ध्रुवनजिकै सबै चट्टान र क्रेटर हरूको बीचको तुलनात्मकरूपमा समतल स्थानलाई लक्ष्य बनाउँदै सतहतर्फ निर्देशित भयो । निर्दिष्ट टचडाउनको समय आयो र गयो, कम्पनीको कमान्ड सेन्टरका नियन्त्रकहरू उत्सुकतापूर्वक करिब चार लाख किलोमिटर टाढा अन्तरिक्ष यानबाट सङ्केतको प्रतीक्षा गरिरहेका थिए । करिब १५ मिनेटपछि कम्पनीले यानबाट कमजोर सङ्केत प्राप्त भएको घोषणा गर्यो ।

गत सात प्रक्षेपण गरिएको छ फुटको कार्बन फाइबर र टाइटेनियम यान (१४ फिट अग्लो) नासका लागि छ वटा प्रयोग थिए । केही वर्षमा अन्तरिक्ष यात्रीहरूको योजनाबद्ध फिर्ता हुनुअघि पहिलो चन्द्रमा डेलिभरीको व्यावसायिकरण गर्ने प्रयासको हिस्सास्वरूप अन्तरिक्ष एजेन्सीले कम्पनीलाई यान बनाउन र उडानका लागि ११ करोड ८० लाख डलर दिएको थियो ।

# आइसिसी क्रिकेट लिग-२ मा नामिबियाद्वारा नेदरल्यान्ड्स पराजित

टुडे समाचारदाता

काठमाण्डु । आइसिसी विश्वकप क्रिकेट लिग-२ अन्तर्गत शुक्रबार भएको खेलमा नामिबियाले नेदरल्यान्ड्सलाई २४ रनले पराजित गरेको छ ।




कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा टस हारेर पहिला ब्याटिङ गरेको नामिबियाले ४१ दशमलव तीन ओभरमा सबै विकेट गुमाउँदै दुई सय तीन रन बनायो । जितका लागि दुई सय चार रनको लक्ष्य पच्छाएको नेदरल्यान्ड्स ४३ दशमलव पाँच ओभरमा सबै विकेट गुमाउँदै एक सय ७९ रनमा समेटियो ।

नामिबियाका लागि ज्यान निकोल लोफ्टी-इटनले सर्वाधिक ४९ रन बनाए । उनले ४३ बल खेल्दै ६ चौका र दुई छक्का हाने । यसैगरी मलान क्रुगरले ३९, ज्यान फ्राई लिङ्कले ३४, रुबेन ट्रम्पप्लेमानले २३ तथा जान ग्रिनले २२ रन बनाए । कप्तान जेर्हार्ड इरासमले १२ रन बनाउँदा माइकल भ्यान लिङ्गेन १० रन जोडे ।

बलिङतर्फ नेदरल्यान्ड्सका लागि भिभियन किङ्माले तीन, आर्यन दत्त र रुलफ् भ्यान डर मर्वाले दुई दुई तथा शारिज अहमद र बास डे लिडले एक एक विकेट लिए ।यस्तै नेदरल्यान्ड्सका लागि ब्याटिङ गर्ने क्रममा नोआ क्रोसले सर्वाधिक अविजित ४६ रन बनाए । उनले ५६ बल खेल्ने क्रममा तीन चौका हाने । यसैगरी म्याक्स ओडाउडले ४१ रन, बास डे लिडले २४ तथा शारिज अहमदले १९ रन बनाए ।

बलिङतर्फ नामिबियाका ज्यान फ्राई लिङ्क र जेहार्ड इरासमसले तीन तीन, बर्नार्ड स्कोल्जले दुई तथा रुबेन ट्रम्प्लम्यान र निकोल लफ्टी इटनले एक एक विकेट लिए । जितसँगै नामिबियाले चार खेलमा ६ अङ्क जोडेको छ । नामिबिया लिग-२ को शीर्षस्थानमा उक्लिएको छ । नेपाल र नेदरल्यान्ड्सको भने तीन खेलमा दुई दुई अङ्क छ । अब जारी शृंखलाको अन्तिम खेल नेपालले नेदरल्यान्ड्ससँग यही फागुन १३ गते खेल्नेछ ।

# हरियाणा सरकारद्वारा किसान विरुद्ध राष्ट्रिय सुरक्षा ऐन खारेज



एएनआइ

चण्डीगढ । हरियाणा प्रहरीले बिहीबार रातिको घोषणापछि शुक्रबार अम्बाला जिल्लाका केही युनियन नेताहरूविरुद्धको राष्ट्रिय सुरक्षा ऐन (एनएसए), १९८० खारेज गरेको अधिकारीहरूले बताएका छन् ।

अम्बाला रेन्जका आइजिपी सिबाश कविराजले किसान नेताहरूविरुद्धको एनएसए लागू नहुने बताउनुभयो । "अम्बाला जिल्लाका केही फार्म युनियन नेताहरूमाथि राष्ट्रिय सुरक्षा ऐनका प्रावधानहरू लागु गर्ने मामिलमा पुनरविचार गरिएको र यसलाई लागू नगर्ने निर्णय भएको सबै सम्बन्धित पक्षलाई स्पष्ट पारिन्छ", उहाँले भन्नुभयो ।

प्रहरीले किसानहरूसँग कानून र व्यवस्था कायम गर्न र अधिकारीहरूसँग सहयोग गर्न पनि अपिल गरेको छ । "हरियाणा प्रहरी प्रदर्शनकारी र उनीहरूका नेताहरूसँग शान्ति तथा कानून व्यवस्था कायम गर्न अधिकारीहरूसँग सहयोग गर्न अपिल गर्दछ", कविराजले भन्नुभयो ।

यसअघि हरियाणा सरकारले अम्बाला जिल्लामा सम्पत्तिको क्षतिको विवरण माग्ने प्रहरी अधिकारीहरूसँग किसान नेताहरूविरुद्ध राष्ट्रिय सुरक्षा कानून लागु गरेको थियो । सन् १९८० को राष्ट्रिय सुरक्षा ऐन (एनएसए) ले भारतमा सरकारलाई सार्वजनिक व्यवस्था र राष्ट्रिय सुरक्षा कायम गर्नका लागि मानिसहरूलाई हिर ासतमा लिने अनुमति दिन्छ ।

यो ऐनले केन्द्र वा राज्य सरकारलाई कुनै पनि व्यक्तिलाई राष्ट्रिय सुरक्षालाई खतरामा पार्ने कार्यमा संलग्न भएको विश्वास गर्ने कारण भएमा हिरासतमा राख्न अनुमति दिन्छ । एनएसए एउटा निवारक नजरबन्द कानून हो । यसमा कुनै पनि व्यक्तिलाई भविष्यमा अपराध गर्न वा भविष्यको अभियोगबाट भाग्नबाट जोगाउनका लागि हिर ासतमा राख्ने व्यवस्था छ ।

# नाइजेरियामा लस्सा ज्वरोबाट ७२ को मृत्यु

सिन्ह्वा

अबुजा । यस वर्षको प्रारम्भदेखि अफ्रिकाको सबैभन्दा धेरै जनसंख्या भएको मुलुक नाइजेरियामा लस्सा ज्वरोबाट कम्तीमा ७२ जनाको मृत्यु भएको सार्वजनिक स्वास्थ्य अधिकारीहरूले बताएका छन् ।

जनवरीदेखि २१ राज्यमा भाइरल हेमोरेजिक ज्वरोको प्रकोपबाट अहिलेसम्म चार सय ११ जना प्रभावित भएको पुष्टि भएको र तीमध्ये ७२ को मृत्यु भएको नाइजेरियाको रोग नियन्त्रण तथा रोकथाम केन्द्र (एनसिडिसी) ले आफ्नो पछिल्लो प्रतिवेदनमा उल्लेख गरेको छ ।

पुष्टि भएका मामिलामध्ये ६५ प्रतिशत तीन राज्य ओन्डो, एडो र बाउचीमा रिपोर्ट गरिएको थियो भने ३५ प्रतिशत मामिला अन्य १८ राज्यमा देखिएको थियो । राष्ट्रिय रोग नियन्त्रण एजेन्सीका अनुसार यस वर्ष अहिलेसम्म कूल दुई हजार एक सय २२ मामिला रेकर्ड गरिएको छ । यो सन् २०२३ को यसै अवधिमा रेकर्ड गरिएको आठ हजार दुई सय ८० भन्दा उल्लेखनीयरूपमा कम हो ।

मुलुकमा लस्सा ज्वरोको प्रकोपबाट अहिलेसम्म दुई स्वास्थ्यकर्मी प्रभावित भएको एनसिडिसीले बताएको छ । एनसिडिसीका अनुसार २१ देखि ३० वर्ष उमेर समूहका व्यक्तिहरू यस ज्वरोबाट सबैभन्दा बढी पीडित छन् । लस्सा ज्वरो मुसाको मूत्र वा मलबाट दूषित खाना वा घरेलु वस्तुहरूमार्फत मानिसमा फैलिने रोग हो । मुसाको र्याल, मूत्र र मल मानिसको सम्पर्कमा आएपछि यो ज्वरो फैलिने बताइन्छ । एनसिडिसीका अनुसार सन् २०२३ मा लस्सा ज्वरोबाट एक हजार दुई सय २७ मामिलामा कम्तीमा दुई सय १९ को मृत्यु भएको थियो ।

# जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड टेम्केको पोल्टामा

टुडे समाचारदाता

टक्सार । चौधौं जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्डको उपाधि



टेम्केमैयुङ गाउँपालिकाले हासिल गरेको छ । प्रतियोगितामा आठ स्वर्ण, दुई रजत र चार कास्य पदकसहित टेम्केमैयुम गाउँपालिका प्रथम भएको हो ।

प्रतियोगितामा सात्पासिलिछो गाउँपालिकाले छ स्वर्ण, छ रजत र एक कास्य पदकसहित दोस्रो भएको छभने भोजपुर नगरपालिका पाँच स्वर्ण, सात रजत र आठ कास्यसहित तेस्रो भएको छ । त्यसैगरी, पाँच स्वर्ण, तीन रजत र चार कास्यसहित षडानन्द नगरपालिका चौथो भएको छ । गत वर्षको विजेता अरुण गाउँपालिकाले भने यस वर्ष तीन स्वर्ण, एक रजत र छ कास्य पदकमा चित्त बुझाएको छ ।

जिल्ला खेलकुद विकास समितिको आयोजना तथा षडानन्द नगरपालिकाको सहयोगमा सञ्चालित प्रतियोगिताका विजेता पालिकालाई पूर्वमुख्यमन्त्री तथा प्रदेश सांसद राजेन्द्रकुमार राईलगायतले पदक तथा प्रमाणपत्र प्रदान गरेका थिए ।

# रुसी सेनाका लागि आफ्ना नागरिकहरू भर्ती भएको भारतको पुष्टि

एएफपी

नयाँदिल्ली । भारतको विदेश मन्त्रालयले मुलुकका केही नागरिकहरू रुसी सेनासँग 'सहायक नोकरी' का लागि भर्ती भएको शुक्रबार पुष्टि गरेको छ । मन्त्रालयले उनीहरूको छुट्टी



सुनिश्चित गर्नका लागि मस्कोसँग काम गरिरहेको समेत बताएको छ ।

करिब १८ भारतीय युक्रेनमा रुसको युद्धको अग्रपङ्क्तिमा विभिन्न सीमावर्ती सहरमा फसेको हिन्दू अखबारले बुधबार बताएको थियो । अखबारका अनुसार कम्तीमा तीन भारतीयलाई रुसीहरूसँग मिलेर लड्नका लागि 'बाध्य' पारिएको थियो । विदेश मन्त्रालयले भारतीयहरूले युद्धमा लडाकूको भूमिका निर्वाह गरेका थिए भन्नेबारेमा पुष्टि गरेको छैन तर एक विज्ञप्तिमा भनेको छ, "केही भारतीय रुसी सेनाको सहायक नोकरीका लागि भर्ती भएको जानकारी प्राप्त भएको छ ।"

"भारतीय दूतावासले नियमितरूपमा उनीहरूको शीघ्र रिहाइका लागि सम्बन्धित रुसी अधिकारीहरूसँग यस मामिलालाई उठाइरहेको छ", विज्ञप्तिमा भनिएको छ, "हामी सबै भारतीयसँग उचित सावधानी अपनाउन र यो युद्धबाट टाढा रहन आग्रह गर्दछौँ ।"भारतीयहरूलाई दुबईस्थित भर्तीकर्ताहरूले उच्च तलब र रुसी पासपोर्टको वाचा गर्दै धोका दिएको दि हिन्दूको रिपोर्टमा आरोप लगाइएको छ । मस्कोमा पुगेपछि भारतीयहरूलाई कथितरूपमा 'रुसी सेनाबाट हतियार र गोलाबारुद' सम्हाल्नका लागि प्रशिक्षित गरिएको र जनवरीमा अग्रपङ्क्तिमा पठाइएको थियो ।

अखबारका अनुसार केही भारतीयले कथितरूपमा वर्तमान युद्धमा युक्रेनी बलहरूसँग स्वेच्छिकरूपमा स्वयंसेवा गरेका थिए भने अर्कोतिर उनीहरूको कथित संलग्नताको यो पहिलो ज्ञात उदाहरण थियो । स्वदेश फिर्ताका लागि उनीहरूको 'बारम्बारको आग्रह' लाई मस्कोमा भारतीय दूतावासले 'बेवास्ता' गरेको एक व्यक्तिले अखबारलाई बताएका छन् ।

# वर्गीकृत दस्तावेज मामिला खारेज गर्न ट्रम्पका वकिलहरूको आह्वान

एपी

वासिङ्टन । अमेरिकाका पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पको कानूनी टोलीले बिहीबार राति फ्लोरिडाको एक न्यायाधीशसँग ट्रम्पमाथि गैरकानूनीरूपमा वर्गीकृत दस्तावेजहरू राखेको आरोप लगाइएको आपराधिक मुद्दा खारेज गर्न आग्रह गर्दै धेरै प्रस्ताव दायर गरेको छ ।



राष्ट्रपतिको उन्मुक्तिले ट्रम्पलाई अभियोजनबाट जोगाउँछ भन्ने अंशमा दाबी गर्दै प्रस्ताव पेस गरिएको हो । यस्तो तर्क टोलीले पहिले नै अमेरिकी सर्वोच्च अदालतमा आफ्नो चुनावी हस्तक्षेप मुद्दामा पेस गरिसकेको छ ।

वकिल क्रिस्टोफर किसे र टड ब्लान्चेले लेख्नुभएको छ, "आरोपहरू राष्ट्रपति रेकर्ड ऐन (पिआरए) अन्तर्गत रेकर्डलाई व्यक्तिगतरूपमा तोक्ने र रेकर्डलाई ह्वाइट हाउसबाट मार-ए-लागोमा स्थानान्तरण गर्ने उहाँको कथित निर्णयमा आधारित छ ।" ट्रम्पले पदमा रहँदा उक्त निर्णय लिनुभएको भन्दै उहाँहरूले लेख्नुभएको छ, "यो आधिकारिक कार्य थियो जसरी यो राष्ट्रपतिको उन्मुक्तिको अधीनमा छ ।"

ट्रम्पले फ्लोरिडा सङ्घीय अदालतमा आफ्नो मार-ए-लागो एस्टेटमा गैरकानूनीरूपमा वर्गीकृत दस्तावेजहरू जम्मा गरेको र तिनीहरूलाई फिर्ता गर्ने सरकारी प्रयासहरूलाई अवरोध पुर्याएको आरोप लगाउँदै दर्जनौं अपराधको सामना गर्नुपरेको छ । ती मुद्दा हाल मे २० मा सुनुवाइका लागि निर्धारण गरिएको भए पनि मिति पछाडि धकेलिन सक्छ ।

ट्रम्पका वकिलहरूले महान्यायाधिवक्ता मेरिक गारल्यान्डले पूर्वराष्ट्रपतिको अनुसन्धानका लागि गर्नुभएको विशेष वकिल ज्याक स्मिथको नियुक्ति 'गैरकानूनी' भएको भन्दै दस्तावेज मामिला खारेज गर्ने आधार प्रस्तुत गरेका छन् । पूर्वराष्ट्रपति ट्रम्पलाई जनवरी ६ मा अमेरिकी क्यापिटलमा उहाँका समर्थकहरूले हिंसात्मक दङ्गापछि सन् २०२० को निर्वाचन नतिजा उल्ट्याउन काम गरेको आरोपमा सन् २०२१ मा वासिङ्टनमा अभियोग लगाइएपछि ट्रम्पविरुद्ध स्मिथको अर्को मुद्दा अगस्टमा खुलासा भएको थियो ।

> ट्रम्पका वकिलहरूले महान्यायाधिवक्ता मेरिक गारल्यान्डले पूर्वराष्ट्रपतिको अनुसन्धानका लागि गर्नुभएको विशेष वकिल ज्याक स्मिथको नियुक्ति "गैरकानूनी" भएको भन्दै दस्तावेज मामिला खारेज गर्ने आधार प्रस्तुत गरेका छन् ।

उक्त मुद्दाको सुनुवाइ मार्च ४ मा वासिङ्टनको सङ्घीय अदालतमा तय गरिएको थियो तर उक्त दिनलाई ट्रम्पको अपिलका बीच रद्द गरिएको थियो । मुद्दामा पूर्वराष्ट्रपतिलाई ह्वाइट हाउसमा गरेको आधिकारिक कामका लागि अभियोजनाबाट छुटबारे कानूनीरूपमा अप्रयुक्त सवाल थियो । ट्रम्पका वकिलहरूले सर्वोच्च अदालतसँग उक्त मुद्दामा हस्तक्षेप गर्न भनेका छन् तर न्यायाधीशले हस्तक्षेप गर्नुहुन्छ वा हुन्न भन्ने स्पष्ट छैन ।

सन् २०२३ जुनको अभियोगमा ट्रम्पमाथि दर्जनौं अपराधको आरोप लगाइएको छ । यसमा अनुसन्धानकर्ताहरूले मार-ए-लागोमा बलरुम, शौचालय र सावर, उहाँको शयन कक्ष र एक भण्डार कक्षलगायतका स्थानहरूमा लापरवाहीपूर्वक सङ्गृहीत संवेदनशील दस्तावेजहरूको बाकस फेला पारेका छन् ।

अभियोजकहरूले ट्रम्पले राख्नुभएको दस्तावेज फिर्ता गर्न अस्वीकार गर्नुभएको र केही मामिलामा आगन्तुकहरूलाई देखाइएकाले विदेशी मुलुकहरूसँग सम्बन्धका साथै सैनिक र गोपनीय स्रोतहरूको सुरक्षामा खतरा भएको बताएका छन् । ह्वाइट हाउस पुनः प्राप्त गर्ने होडमा ट्रम्पले चार अलग-अलग सहरमा चार आपराधिक अभियोगको सामना गर्नुपरिरहेको छ ।

# चिनियाँ विदेशमन्त्री र जर्मन कूटनीतिज्ञ बीच भेटवार्ता

सिन्ह्वा

बेइजिङ । चिनियाँ विदेशमन्त्री वाङ यीले शुक्रबार बेइजिङमा जर्मन चान्सलरका विदेश तथा सुरक्षा नीति सल्लाहकार जेन्स प्लाटनरसँग भेटवार्ता गर्नुभएको छ।

सो अवसरमा चिनियाँ कम्युनिष्ट पार्टी केन्द्रीय समितिको राजनीतिक ब्युरोका सदस्य वाङले यस वर्ष चीन-जर्मनी व्यापक रणनीतिक साझेदारीको स्थापनाको दशौँ वार्षिकोत्सव मनाउने कुरा उल्लेख गर्नु भएको छ। चीन जर्मनसँग सञ्चारलाई बलियो बनाउन इच्छुक रहेको छलफलका क्रममा बताइएको छ ।

सो अवसरमा मन्त्री वाङले दुवै पक्षले बजार सिद्धान्तमा आधारित खुला मनोवृत्ति र तर्कसंगत भावनाका साथ व्यावहारिक सहयोग प्रवर्द्धन गर्न, साझा प्रगति र विकासको सन्दर्भमा असहमतिलाई सही ढङ्गले व्यवस्थापन गर्नुपर्ने धारणा राख्नु भएको छ। उहाँले संरक्षणवादलाई अस्वीकार गर्ने र विश्वव्यापी स्थिरता, विकास र समृद्धिका लागि सकारात्मक योगदान दिन प्रतिबद्ध रहनुपर्ने बताउनु भएको छ।

सल्लाहकार प्लटनरले जर्मनीले चीनसँग विभिन्न क्षेत्रमा सहयोग विस्तार गर्ने र जलवायु परिवर्तनलाई सम्बोधन गर्न नयाँ सहकार्य गर्न चाहेको उल्लेख गर्नु भएको छ।

# फागुन २५ देखि नेपाल फर्मा एक्स्पो

टुडे समाचारदाता

चितवन । चितवनमा यही फागुन २५ गतेदेखि नवौं नेपाल फर्मा एक्स्पो आयोजना हुने भएको छ । प्रत्येक दुई-दुई वर्षमा हुँदै आएको एक्स्पो मेडिकल सिटीका रुपमा विकास भएको चितवनमा गर्न लागिएको आयोजकले जनाएको छ ।




एक्स्पोका संयोजक प्रभात रुङ्टाले चितवनमा दुई वटा मेडिकल कलेजसहित ठूला चार वटा अस्पताल र अन्य २४ भन्दा बढी अस्पताल रहेको भन्दै चितवन मेडिकल सिटीको रुपमा विकास हुँदै गएको बताए । उनका अनुसार चितवन राम्रो कनेक्टिभिटी भएको ठाउँ भएकाले यहाँ मेडिकल र प्राविधिक व्यक्तिको उपस्थिति पनि राम्रो छ ।

यो एक्स्पो प्रदर्शनी मात्रै नभए 'नलेज डिष्ट्रिब्युसन' समेत भएको उनको भनाइ छ । उनले भने, " एक्स्पोमा तीन दिनसम्म फर्मासिस्ट र मार्केटिङलाई तालिम हुन्छ । यहाँ सीपको आदानप्रदान गरिन्छ ।" एक्स्पोका मिडिया संयोजक सन्तोष बरालले एक्स्पोका लागि एक सय ५० वटा स्टल बुक भइसकेको बताए । एक्स्पोमा २० हजार हाराहारी प्राविधिकले अवलोकन गर्ने अनुमान गरिएको छ । उनले भने, "एक्स्पोमा प्राविधिकसहित ठूलो संख्यामा सर्वसाधारणले अवलोकन गर्नुहुनेछ भन्ने हाम्रो अपेक्षा छ ।" नेपाली औषधिप्रतिको भ्रम चिर्नका लागि पनि एक्स्पो फलदायी हुने उनको भनाइ छ ।

नेपाल औषधि उत्पादक सङ्घका अध्यक्ष महेश प्रधानले नेपालका औषधि अन्तर्राष्ट्रियस्तरका उपकरण र कच्चापदार्थबाट बन्छ भन्ने कुरा बुझाउन एक्स्पो आयोजना गर्दै आएको बताए ।

उनले भने, "नेपाली औषधि कुनै पनि विदेशी कम्पनीभन्दा गुणस्तरमा कमजोर छैनन्, हामीले प्रयोग गर्ने प्रविधि, उपकरण र कच्चा पदार्थ र विदेशीले प्रयोग गर्ने एउटै हुन् ।" नेपाली औषधि विदेशमा समेत निर्यात हुने गरेको भन्दै उनले विदेशीसमेत नेपालको औषधिप्रति रुचि राखेर एक्स्पोमा आउने उनले जानकारी दिए ।रु ६० अर्बभन्दा बढी लगानी भएको नेपाली उद्योगले गत आर्थिक वर्षमा रु २९ अर्ब मात्रैको कारोबार गरेको उनले बताए । प्रधानले भने, "नेपाली उद्योगले नेपालका कूल मागको ९० औषधि उत्पादन गर्न सक्छन् ।" हाल नेपाली उद्योग ३५ देखि ४० प्रतिशत क्षमतामा मात्रै सञ्चालन हुनु परेको उनको भनाइ छ ।

नेपाली औषधि उद्योगलाई राज्यको प्रवर्द्धन र संरक्षणको खाँचो रहेको उनले बताए ।

## बजेट अभावले महाकाली सिँचाइ आयोजना प्रभावित

टुडे समाचारदाता


दोधारा चाँदनी ।बजेट अभावका कारण राष्ट्रिय गौरवको महाकाली सिँचाइ आयोजनाको तेस्रो चरणको काम प्रभावित भएको छ ।

मुआब्जा वितरण र विकास खर्च बजेट सकिएपछि निर्माण रोकिने अवस्था आएको यहाँस्थित आयोजना कार्यालयका निर्देशक कुसाङ शेर्पाले बताए । उनले माग गरेभन्दा निकै कम बजेट प्राप्त भएकाले जमिन अधिग्रहण गर्न समस्या भएको बताए । "विकासतर्फको रु २० करोड रकम अर्थ मन्त्रालयकै सहमतिमा मुआब्जातर्फ रकमान्तर गरेर जमिन अधिग्रहण गरेका थियौ ।" उनले भने-"२१.६ हेक्टर जमिन अधिग्रहणका गर्न रु ८७ करोड थप बजेट माग गरेका छौ ।" उनका अनुसार यस वर्ष विकासतर्फ रु ९९ करोड र मुआब्जाका लागि रु १२ करोड आएको थियो । बजेट नहुँदा यस वर्ष नयाँ ठेक्का लगाउन सकिएको छैन । आयोजनाको २८.८ किलोमिटरदेखि ४८.३ किमिसम्म मूल नहर निर्माणका लागि गत वर्ष पाँच वटा प्याकेजमा ठेक्का सम्झौता भएको थियो । तीन वर्षभित्र काम सक्ने गरी ठेक्का सम्झौता भए पनि बजेट अभाव, रूख कटानमा समस्या र जमिन अधिग्रहण हुन नसक्दा काम हुन सकेको छैन ।

# कृषि क्षेत्रको आधुनिकीकरण गर्न महोत्सव

टुडे समाचारदाता

त्रिवेणी । रुकुम उद्योग वाणिज्य सङ्घ रुकुम पश्चिमले कृषि क्षेत्रको आधुनिकीकरण तथा रोजगार बैंकको स्थापना गर्न महोत्सव गर्ने भएको छ ।




यही फागुन १८ गतेदेखि २८ गतेसम्म जिल्ला सदरमुकाम खलङ्गाको बराहटाकुरामा 'रुकुम पश्चिम कृषि, व्यापार तथा सांस्कृतिक महोत्सव-२०८०' आयोजना गर्न लागिएको हो ।

रुकुम उद्योग वाणिज्य सङ्घको आयोजना तथा कला संस्कृति, पर्यटन प्रवर्द्धन मञ्चको सह-आयोजनामा महोत्सव सञ्चालन हुने सङ्घका अध्यक्ष पलबहादुर खड्काले जानकारी दिए ।

महोत्सवबाट रुकुम पश्चिम र आसपासमा रहेका कृषि, जडीबुटी, पर्यटन, ऊर्जा, संस्कृति, सांस्कृतिक वस्तुको प्रदर्शन गरी प्रचारप्रसार गर्ने, स्थानीय उत्पादनको पहिचान गरी बजार विस्तारको अभियान सुरु गर्ने, जिल्लाको लगानीको क्षेत्र र लगानीकर्ताको पहिचान गरी रुकुम पश्चिम लगानी सम्मेलन वा सोही प्रकृतिका कार्यक्रम आयोजना गर्ने लक्ष्य राखिएको अध्यक्ष खड्काले जानकारी दिए। कृषि क्षेत्रको आधुनिकीकरण र जडीबुटीजन्य, वन पैदावार खेतीसम्बन्धी अभिमुखीकरण गोष्ठी, जलवायु परिवर्तन अनुकूलन गोष्ठीको आयोजना गरी व्यवसायीकरणतर्फ लिने, जिल्लाका पर्यटकीय सम्भावनासम्बन्धी सम्मेलन आयोजना गर्ने र महोत्सवको आम्दानीबाट कृषि पर्यटन, उद्योग व्यापारका क्षेत्रमा काम गर्ने कामदार, मजदुर, कर्मचारीको सेवा सुविधा सुनिश्चितता र बेरोजगारको अवस्था अध्ययन गरी रोजगार र स्वरोजगारमा लगाउनका लागि रोजगार बैंकको स्थापना गर्ने लक्ष्य राखिएको आयोजकले जनाएको छ ।

महोत्सवको आम्दानीबाट सङ्घको संस्थागत विकाससम्बन्धी गतिविधि गर्ने र अक्षय कोष स्थापना गरी मानव सेवा गर्ने लक्ष्य राखिएको खड्काको भनाइ थियो ।

महोत्सवमा राष्ट्रिय तथा स्थानीय कलाकारको प्रस्तुति रहनुका साथै स्थानीय उत्पादन समेत राखिने छन् ।

मेला अवधिमा विभिन्न व्यापारिक स्टलका साथै जिल्लाका अर्गानिक उत्पादन ढिँडो, सिस्नो, कोदोको रोटी, स्थानीय जातका कुखुरा, कालिजको मासु, स्थानीय आलु, दाल, तरकारीलगायत वस्तु पाइने रुकुम सङ्घका वरिष्ठ उपाध्यक्ष दलबहादुर खड्काले बताए । उनका अनुसार स्थानीय झाँकीसमेत महोत्सवमा रहने छन् ।

# शीत भण्डार निर्माण हुन थालेपछि किसान उत्साहित

टुडे समाचारदाता

भजनी । राष्ट्रिय गौरवको आयोजनाअन्तर्गत रानीजमरा कुलरिया सिँचाइ आयोजनाको कृषि कार्यक्रम कार्यान्वयन एकाइले टीकापुरमा शीत भण्डार निर्माण गर्न थालेको छ ।



एकाइ र उपभोक्ताको लगत तथा सहभागितामा शीत भण्डार निर्माण हुने भएपछि यहाँका किसान उत्साहित भएका छन् । संयुक्त प्रयासमा शीत भण्डार निर्माण थालिएको भन्दै किसानले उत्पादन गरेका वस्तु टाढाका बजारसम्म पुऱ्याउनुपर्ने बाध्यताको अन्त्य हुने रामबहादुर चौधरीले विश्वास व्यक्त गरे । "बीउका लागि उत्पादन भएका वस्तु घरमा राखेर सम्भव हुँदैन । यसअघि शीत भण्डारमा लगेर राख्दा निकै महँगो हुने गरेको थियो", उनले भने, "टीकापुरमै शीत भण्डार निर्माण भएपछि यहाँका किसानलाई फाइदा पुग्नेछ ।" योसँगै उत्पादन भएका तरकारीले राम्रो बजार पाउने विश्वास बढेको उनको भनाइ थियो ।

टीकापुरका लक्ष्मण चौधरीले सिजनमा उत्पादन भएका भण्डारण गरी बजारीकरण गर्न सकिने भन्दै यसबाट सिजनमा उत्पादित तरकारी तथा फलफुलले राम्रो बजार पाउने बताए । "सिजनमा ३०-३५ क्विन्टल आलु उत्पादन हुन्छ । प्याज पनि त्यस्तै उत्पादन हुने गरेको छ", उनले भने, "त्यो समयमा बजारको मूल्य निकै कम हुँदा लागत उठाउन समस्या हुन्छ । शीत भण्डारमा भण्डारण गरेर पछि बिक्री गर्दा प्रशस्त आम्दानी लिन सकिन्छ ।"

एक हजार मेट्रिक टन क्षमताको शीत भण्डार निर्माणका लागि २५ प्रतिशत किसानले लगानी गर्नेछन् भने बाँकी ७५ प्रतिशत कार्यान्वयन इकाईले गर्ने जनाएको छ ।टीकापुर र लम्कीचुहा नगरपालिका तथा जानकी गाउँपालिका किसानले यसबाट लाभ लिन सक्नेछन् । करिब रु सात करोड छ लाख ६९ हजार छ सय को लागतमो रानीजमरा कुलरीया मूल कुलो समितिको मातहतमा रहने गरी शीत भण्डार निर्माण गरिने समितिका अध्यक्ष कुमारराज शाहीले जानकारी दिए ।

"यस आयोजनामा अधिकांश किसानको लगानी रहेको छ । किसानको लगत सहभागितामा शीत भण्डार निर्माण हुँदा त्यसको बढीभन्दा बढी फाइदा किसानले लिन सक्छन्", अध्यक्ष शाहीले भने, "अधिकांश किसानको लगानी भएकाले यसको संरक्षण र सम्बर्द्धनमा किसान स्वयमं अग्रसर रहन्छन् ।" उनका अनुसार शीत भण्डारमा केही कृषि सहकारीले पनि शेयर लगानी गरेका छन् ।

किसानबाट समयमा लागत सङ्कलन हुन नसक्दा तीन वर्ष इकाईले विनियोजन गर्दै आएको करिब रु छ करोड बजेत फ्रिज जाने गरेको थियो । अहिले किसानको पूर्ण सहयोगमा शीत भण्डार निर्माणले सार्थकता पाउन लागेको कृषि कार्यक्रम कार्यान्वयन इकाईका प्रमुख कलशराम चौधरीले बताए । "शीत भण्डारको ठेक्का सम्झौता भइसकेको छ । विश्व बैंकका प्रतिनिधिले यसको अनुगमन समेत गरिसक्नु भएको छ", उनले भने, "अनुगमनबाट आएको प्रतिवेदन अध्ययन गरेर बाँकी काम अगाडि बढाउने तयारी भएको छ ।"

प्रमुख चौधरीका अनुसार आगामी डिसेम्बर १५ भित्र शीत भण्डार निर्माण सम्पन्न गरिसक्नुपर्ने छ । शीत भण्डार निर्माण भएपछि व्यावसायिक कृषि गर्दै आएका किसानलाई सहज हुने उनको भनाइ थियो । "राज्यले कृषि क्षेत्रका लागि अर्बौंको लगानी गरेको छ । उत्पादनका लागि ठूलो खर्च हुँदा बजारीकरणमा शीत भण्डारले सहजीकरण गर्नेछ", प्रमुख चौधरीले भने, "किसानले मौसममा उत्पादन गरेका वस्तु बेमौसममा राम्रो मुल्यमा बिक्री गर्न शीत भण्डारले मद्दत गर्नेछ ।"

किसानबाट लागत रकम सङ्कलन हुन नसक्दा अपुग रकम टीकापुर नगरपालिकाले उपलब्ध गराएपछि निर्माण प्रक्रिया अगाडि बढेको थियो । कृषि र पर्यटन क्षेत्र प्रमुख स्रोतका रुपमा रहेकाले यसको संरक्षण र प्रवर्द्धनमा नगरपालिकाको सदैव सहयोग रहने नगर प्रमुख रामलाल डगौरा थारुले बताए । "हाम्रो प्राथमिकता कृषि र पर्यटन क्षेत्रमा छ ।

कृषिबाट टीकापुर नगरपालिकालाई समृद्ध बनाउन सकिन्छ", उनले भने, "यसमा रानी जमरा कुलरीया सिँचाइ आयोजनाको अर्बौं लगानी छ । अन्य क्षेत्रले पनि समन्वय गरिरहेका बेला पालिकाले किसानलाई उत्साहित बनाउने कार्यक्रम ल्याएको हो ।"

उन्नत बीउ उत्पादनका लागि कार्यान्वयन एकाइ र नगरपालिकाको सहजीकरणमा संयुक्त योजना बनाएर काम गर्ने सहमति भएको छ । साथै किसानलाई चाहिने उन्नत जातका बेर्ना उत्पादन गरेर वितरण गरिने नगर प्रमुख थारुले जानकारी दिए । "टीकापुर क्षेत्रमा उत्पादन राम्रो भए पनि बजारीकरणको समस्या थियो", उनले भने, "शीत भण्डार निर्माण भएपछि बजारीकरणको समस्या पनि हट्दै जानेछ ।"

# खडेरीका कारण हिउँदे बाली प्रभावित

**टुडे समाचारदाता**

पर्वत । लामो समयदेखि वर्षा नहुँदा पर्वतमा हिउँदे बाली प्रभावित बनेका छन् ।



झण्डै पाँच महिनासम्म वर्षा नहुँदा जिल्लाका किसानले लगाएको बाली र लगाउन नपाएको बालीनालीको उत्पादनको अवस्थालाई मध्यनजर गर्दा करोडौको नोक्सानी पुग्ने अवस्था देखिएको छ । कृषकहरुले लगाएको आलु, गहुँ, जौ, तोरीलगायतका हिउँदे खेतीको उत्पादन ह्वात्तै घटेको पाइएको छ ।

पर्वतमा यतिवेला खेतमा मकैवाली लगाउने बेला भएको छ । तर वर्षा नहुँदा धान काटेपछि बाँझै रहेको खेत जोत्न समेत नपाएको कृषकहरुले गुनासो गरेका छन् । व्यावसायिक तरकारी खेती गरेका कृषकसमेत खडेरीका कारण नष्ट भएको गुनासो गरेका छन् । लामो समयको खडेरीले कृषकलाई ठूलो समस्या परेको पर्वतको कुश्मा नगरपालिका-१२ ठूलीपोखरीका कृषक रामप्रसाद सापकोटाले बताए । खेतमा मकै लगाउने बेला भइसके पनि वर्षा नहुँदा बाँझै राख्नुपरेको उनले बताए । गत असोजको अन्तिम सातापछि यस क्षेत्रमा वर्षा भएको छैन ।

जिल्ला कृषि ज्ञान केन्द्र पर्वतका अनुसार विशेष गरी हिउँदे बालीनालीमा खडेरीले असर पुऱ्याएको छ । सिँचाइ सुविधा भएका र नभएका दुवै ठाउँमा उत्पादनमा निकै कमी आएको वरिष्ठ कृषि विकास अधिकृत पर्शुराम अधिकारीले बताए । उनका अनुसार बालीनाली उम्रिसकेपछि सिँचाइ गर्ने एउटा संवेदनशील अवस्था हुन्छ, त्यो समयमा सिँचाइ गर्न सकिएन वा वर्षा भएन भने बालीनाली मर्ने र उत्पादन नदिने समस्या हुने भएकाले सिँचाइ अनिवार्य गर्नुपर्दछ । "सिँचाइ भएका ठाउँमा पनि वर्षा भयो भने उत्पादन झनै बढ्छ", अधिकारीले भने ।

कृषि ज्ञान केन्द्रका प्रमुख अधिकारीले यो बेलामा जमिनको आँत भिज्ने गरी वर्षा भइदिने हो भने अब लगाउने बालीनालीमा धेरै सहयोग हुने बताए । चिस्यानबिना जोतिएका खेतमा डल्ला आउने र डल्लामा परेको मकै नउम्रिने भएकाले उत्पादनमा ह्रास आउन सक्ने उनको भनाइ छ ।

पर्वतमा आकाशे वर्षाको भरमा खेतीबाली लगाउने ठाउँ धेरै भएकाले पनि यस वर्षको हिउँदे खेतीका रुपमा लगाइएको गहुँ, जौ, तोरी, आलु, फापरलगायत व्यावसायिक तरकारी खेती गर्नेले ठूलो नोक्सानी व्यहोर्नुपरेको केन्द्रले जनाएको छ । तेलहन बालीमा मात्र ३० प्रतिशतभन्दा बढीले उत्पादनमा कमी आउने उनको अनुमान छ । त्यसैगरी लहरेबालीसमेत समयमा लगाउन नपाउँदा व्यावसायिक तरकारी कृषक मारमा परेका छन् ।

उनका अनुसार जिल्लाको पातीचौर क्षेत्र र मिलनचोक क्षेत्र तथा दक्षिण पर्वतमा रहेका विभिन्न खोलाको नजिकका खेतबारीमा बाहेक सबै ठाउँमा खडेरीले असर परेको छ । कतिपय ठाउँमा बालीनालीनै लगाउन पाएका छैनन् भने कतिपय ठाउँमा लगाएको बालीनालीनै सखाप भएपछि कृषकसमेत चिन्तित बनेका छन् । अर्कोतर्फ पानीको वैकल्पिक स्रोतसमेत खडेरीका कारण सुकेपछि चैते धानका लागि बीउ राख्नसमेत नपाएको कृषकले गुनासो गरेका छन् ।

जिल्लामा झन्डै आठ हजार हेक्टर क्षेत्रफलमा सिँचाइको सुविधा पुगेको भए पनि खोला सुकेका कारण सिँचाइ नहरमा समेत पानी बन्द हुँदा झनै समस्या भएको छ । सानातिना मूलको भरमा खेतीपानी गर्दै आएका कृषक खडेरीका कारण मूल नै सुकेपछि झनै चिन्ता थपिएको शङ्करपोखरीका कृषक कुलप्रसाद तिवारीले जानकारी दिए । उनले भने, "मकै, चैते धान, बर्खे आलु, रोप्ने बेलासम्म पनि पानी नपरेपछि समस्यामा भएको छ ।"

यो महिनाभरिमा वर्षा नहुने हो भने मकै खेती र लहरेबालीसमेत उत्पादन नहुने कृषि ज्ञान केन्द्रले जनाएको छ । खडेरीले यस वर्ष पर्वतमा खाद्यान्न उत्पादनमा ठूलो गिरावट आउने कृषि ज्ञान केन्द्रको अनुमान छ ।

# बुटवलमा राष्ट्रिय प्राङ्गारिक कृषि मेला सुरु

टुडे समाचारदाता

लुम्बिनी । बुटवलमा राष्ट्रिय प्राङ्गारिक कृषि मेला सुरु भएको छ । बुटवल उद्योग वाणिज्य सङ्घ र प्रदेश सरकार कृषि तथा भूमि व्यवस्था मन्त्रालयले मेला आयोजना गरेका हुन् ।



यही फागुन १४ गतेसम्म सञ्चालन हुने मेलाको लुम्बिनी प्रदेश कृषि तथा भूमि व्यवस्थामन्त्री मण्डारीलाल अहिरले उद्घाटन गर्नुभयो । उनले नीति निर्माता, कर्मचारी र किसानबीचको तालमेल नमिल्दा कृषिमा सोचेअनुसारको प्रगति गर्न नसकिएको बताए । बुटवल उद्योग वाणिज्य सङ्घका अध्यक्ष हरिप्रसाद अर्यालले नेपालमा कूल जनसंख्याको ६२ प्रतिशत कृषि क्षेत्रमा आधारित भए पनि कृषि क्षेत्रको योगदान २४ प्रतिशतमात्रै रहेको र त्यसलाई सुधार गरी राष्ट्रिय अर्थतन्त्रमा योगदानमा बढोत्तरी गर्न अपरिहार्य भएको बताए ।

लुम्बिनी प्रदेशसभा सदस्य विष्णु पन्थीले कृषिको व्यावसायिक विकास र आधुनिकीकरण नभएसम्म आर्थिक समृद्धि हासिल नहुने बताए । बुटवल उपमहानगरपालिकाकी उपप्रमुख सावित्रादेवी अर्याल, प्रदेश कृषि तथा भूमि व्यवस्था मन्त्रालयकी कृषि सचिव नम्रता सिंह, नेपाल उद्योग वाणिज्य महासङ्घका सदस्य केशव भण्डारीले कृषि क्षेत्रको विकासका लागि सरकारले लागानी गर्नुपर्ने सुझाव दिए ।

बुटवल उद्योग वाणिज्य सङ्घले २०६२ सालदेखि नियमितरूपमा कृषि मेला आयोजना गर्दै आएको छ । पाँच दिनसम्म सञ्चालन हुने मेलामा प्राङ्गारिक कृषिवस्तुको उत्पादन तथा प्रवर्द्धनमा जोड दिइएको छ । उपभोक्तालाई प्राङ्गारिक कृषि, पशुपक्षी तथा मत्स्यजन्य पदार्थ उत्पादनका बारेमा जानकारी दिइने छ । प्राङ्गारिक कृषि प्रणाली तथा असल कृषि अभ्यास पद्धतिको प्रवर्द्धन, कृषिको उत्पादन लागत घटाउन आधुनिक कृषि प्रविधि, कृषि औजार र मेसेरिनरीसम्बन्धी जानकारी गराइने छ ।

कृषिमा आधारित उद्योगमा लगानी आकर्षित गर्ने तथा निर्यातयोग्य वस्तुको पहिचान र प्रवर्द्धन, कृषि, पशुपक्षी तथा मत्स्यजन्य उत्पादन भण्डारण तथा बिक्री वितरणमा भएका उपलब्धिको जानकारी गराइने छ । मेलामा जीवनाशक विषादि प्रयोग, प्रभाव र विकल्प, प्राङ्गारिकखेतीका लागि हालसम्मको प्रयास र उपलब्धि, मत्स्यपालन व्यवसाय, अवसर सम्भावना र चुनौती तथा कृषि वस्तुको बजारीकरणसम्बन्धी अन्तर्क्रिया तथा छलफल गरिने छ ।

त्यसैगरी मेलामा शुक्रबार र शनिबार बाली परीक्षण शिविर सञ्चालन गरिने छ भने शनिबारदेखि नै तीन दिन माटो परीक्षण शिविर सञ्चालन हुने सङ्घका महासचिव मुक्तिप्रसाद अधिकारीले जानकारी गराए ।


## राजर्षि जनक विश्वविद्यालय, जनकपुरधाम

### दरभाउपत्र (प्रस्ताव पत्र) स्वीकृत गर्ने आशयपत्रको सूचना

यस विश्वविद्यालयमा सुरक्षा गार्ड सेवा करारमा लिने सम्बन्धि शिलबन्दी दरभाउपत्र (प्रस्ताव पत्र) मिति २०८०/१०/०३ का दिन प्रथम पटक प्रकाशित सुचना अनुसार रितपुर्वक पेश हुन आएका दरभाउपत्र हरुको मुल्याङ्कन गर्दा निम्न दरभाउपत्र दाताको न्युनतम मुल्याङ्कन सारभुत रुपमा प्रभावग्राह भई स्वीकृत भएको आशय पत्रको सुचना जारी गरिएको छ ।

| क्र. सं. | आपुर्तिकर्ता | ठेगाना | कबोल अंक मु.अ.कर वाहेक | कैफियत |
|---|---|---|---|---|
| १. | चैन अफ कमाण्ड | काठमान्डौं | १७३००।- | न्युनतम मुल्याङ्कित सारभुत रुपमा प्रभाव ग्राही दरभाउपत्र |

रजिष्ट्रार

# वैदेशिक रोजगारी क्षेत्र व्यवस्थित बनाउन आवश्यक : मुख्यमन्त्री यादव

टुडे समाचारदाता



जनकपुरधाम। मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले वैदेशिक रोजगारीलाई व्यवस्थित बनाउन आवश्यक रहेकोमा जोड दिएका छन्।

श्रम तथा यातायात मन्त्रालय मधेश प्रदेशद्वारा शुक्रबार जनकपुरधाममा आयोजित महिला, बालबालिका तथा सामाजिक न्याय समिति मधेश प्रदेशसभासँगको बहुपक्षीय कार्यशाला गोष्ठीमा मुख्यमन्त्री यादवले वैदेशिक रोजगारी क्षेत्रलाई व्यवस्थित बनाउन तीनै तहको सरकारबीच समन्वय आवश्यक रहेको बताए।

उनले कुल गार्हस्थ्य उत्पादनमा करिब २३ प्रतिशत योगदान दिने वैदेशिक रोजगारी क्षेत्र व्यवस्थित बनाउने दायित्वबाट कोही पनि पन्छिनु नहुने धारणा राखे।

मधेश प्रदेश सरकारले सामाजिक विकास मन्त्रालयबाट छुट्ट्याएर श्रम तथा यातायात मन्त्रालय स्थापना गरेको बताउँदै मुख्यमन्त्री यादवले श्रम तथा रोजगारीको क्षेत्रलाई व्यवस्थित बनाउन प्रदेश सरकार कुनै कसर बाँकी न राख्ने प्रतिबद्धता व्यक्त गरे।

सीप नहुँदा वैदेशिक रोजगारीमा ठूलो समस्या उत्पन्न भइरहेको उल्लेख गर्दै उनले वैदेशिक रोजगारीमा जानेलाई सीपप्रति आकर्षित गर्ने कार्यक्रम ल्याउन सम्बन्धित अधिकारीलाई निर्देशनसमेत दिए।

प्रदेश सरकारले आठवटै जिल्लाको सदरमुकाममा श्रमिक भवन निर्माणका लागि बजेट व्यवस्थापन गरिसकेको र सम्बन्धित स्थानीय तहहरुसँग समन्वय भइरहेको जानकारीसमेत उनले दिए। श्रमिक भवन निर्माण भएपछि ग्रामीण भेगबाट दैनिक मजदुरी गर्न आउने श्रमिकहरुलाई सहज हुने मुख्यमन्त्री यादवले विश्वास व्यक्त गरे।

गोष्ठीमा मधेश प्रदेशसभा महिला बालबालिका तथा सामाजिक न्याय समितिका सभापति रुपाकुमारी यादवले आप्रवासी कामदार समस्यामा पर्दा सरकारको तर्फबाट यथोचित सहयोग नहुनु दुःखद् भएको बताए।

स्वीस दूतावासका प्रतिनिधि एन्टोनियाले मधेश सरकारले श्रम तथा रोजगार नीति तयार गर्नु सराहनीय रहेको उल्लेख गर्दै मधेश प्रदेशमा स्वीस सरकारको सहयोगमा सञ्चालित सामी र रेमी परियोजनालगायतका कार्यक्रममा प्रदेश सरकारको तर्फबाट हुँदै आएको सहयोग एवं सहकार्यप्रति धन्यवादसमेत व्यक्त गरिन।

श्रम तथा यातायात मन्त्रालयका सचिव सुरेन्द्र पौडेलको अध्यक्षतामा भएको उक्त गोष्ठीमा प्रदेशसभा महिला बालबालिका तथा सामाजिक न्याय समितिका सदस्य, श्रम तथा यातायात मन्त्रालयका पदाधिकारी एवं श्रमसँग सम्बन्धित प्रदेश सरकारका प्रतिनिधि, सामी एवं रेम्मी परियोजनाका पदाधिकारीलगायतका सरोकारवालाको सहभागिता रहेको थियो।

# ११६ केजी गाँजा बरामद

टुडे समाचारदाता

सर्लाही। बागमती नगरपालिका-३, नयाँबस्ती चोकबाट ठूलो परिमाणमा लागूऔषध गाँजासहित एक युवक पक्राउ परेका छन्।

जिल्ला प्रहरी कार्यालय मलङ्गवाबाट खटिएको प्रहरी टोलीले नयाँरोड-बरहथवा सडकखण्ड अन्तर्गत नयाँबस्ती चोकमा दक्षिणबाट उत्तरतर्फ आइरहेको प्रदेश ०१-०२६ च ५१५९ नम्वरको कारबाट ११६ केजी गाँजा बरामद गरेको छ।

गाँजासहित कार चालक पूर्वी नवलपरासीको गैंडाकोट नगरपालिका-११ का ३० वर्षीय सूर्य परियारलाई नियन्त्रणमा लिइएको सर्लाही प्रहरीका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक (डीएसपी) दीपेन्द्र पञ्जियार थारुले जानकारी दिए।

कारको पछाडिपट्टी १० वटा पोकामा लुकाएर राखेको गाँजा बरामद भएको प्रहरीले जनाएको छ। डीएसपी पञ्जियारले कार चालक



परियारलाई जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखी थप अनुसन्धान भइरहेको बताए।

# के लगबैय आगि....आगि के लगबैय ??

ब्लग :



श्यामसुन्दर शशि

एक वर्ष यता धनुषाको देवपुरा-रुपैठा, महोत्तरीको पिपरा, रौतहटको इशनाथ नगरपालिकाको घिउरा टोल र वीरगञ्जमा भएको घटनाले मलाई कवि तथा साहित्यकार मित्र रमेश रञ्जन झाद्वारा लिखित तथा सुनिल कुमार मल्लिक र ललित कामतको मधुर स्वरमा गाइएको गीत स्मरण गरायो- 'हमर घर-दुवारमे, हमर बाडी-झाडीमे। के लगबैय आगि?आगि के लगबैय ??' झण्डै दश वर्ष अघि मिथिला नाट्यकला परिषद्को राष्ट्र व्यापी सांगीतिक यात्राको क्रममा निर्मित लेहुआएल आँचर एलबममा थियो यो गीत।

पछिल्ला केही वर्षदेखि गाउँ-नगर र टोल-टोलमा देखिएका धार्मिक, भाषिक, सांस्कृतिक तथा राजनीतिक उन्मादले कुनै सिकारीले नियोजित रुपमा शान्त सरोवरमा ढुंगा प्रहार गरे जस्तै तरंग उत्पन्न गराएको छ। फेरि यी घटनाहरु आदर्श नारी सीताको जन्मभूमिमा हुँदै छ। धार्मिक सह अस्तित्वको अनुपम उदाहरण प्रस्तुत गर्ने बुद्ध जन्मस्थलीमा हुँदैछ। जहाँ वर्षौदेखि धार्मिक, सांस्कृतिक तथा भाषिक समागमको इतिहास छ। उन्मादको आयतन यति बढि छ कि यसको बिरोधमा बोल्ने वा लेख्नेहरु एक्ला बृहस्पति बन्न थालेका छन्।

फूसको आगो झैं सल्बलाउन थालेको यो उन्मादरुपी विषवृक्ष नियोजित हो कि स्व-स्फूर्त ? सरकारका कुनै पनि निकायसंग यसको जवाफ छैन। जवाफ भएको भए यस्ता घटनाहरु दोहोरिने/तेहरिने थिएनन्। आफूसंग प्रहरी प्रशासन नभएको भन्दै मधेश प्रदेश सरकार यस्ता घटनाहरु घटित भए पश्चात् विज्ञप्ति, अनुरोध र शोक संदेश प्रकाशित गरेर चित्त बुझाउ छ। घटना तराई मधेशमा घटेकोले संघीय सरकार खासै मतलब राख्दैन। सुख-सुविधा, गाडी-घोडा तथा कमिशनमा चुर्लुम्म डुबेको स्थानीय सरकारलाई यस्ता सामाजिक समस्यासंग कुनै सरोकार छैन। यस्तो विकट अवस्थामा यो आगो अझ बेगवान हुनबाट रोक्ने मुख्य सरोकारी समाज हो। तर दुर्भाग्य हामी त्यति बेलासम्म चुप्प बस्छौं जति बेला आफै यस आगोमा झुल्सिदैनौं। सर्लाही घटनाको बाछिटा वीरगञ्जमा र महोत्तरी घटनाको बाछिटा जनकपुरमा पर्नु भनेको यस्ता घटनाहरु स्वस्फूर्त नभइ नियोजित हो भन्ने प्रमाणित गर्दछ।

घटना लगत्तै सर्वदलीय बैठक बस्छ। समस्याको अस्थायी समाधान पनि हुन्छ। स्थायी समाधानको विकल्प खोजिदैन। पछिल्लो पटक वीरगञ्जमा भएको पाँच बुँदे सम्झौतामाथि ध्यानाकर्षण तथा कार्यान्वयन गर्ने हो भने धेरै हदसम्म यस्ता विषवृक्षहरुलाई टुसा पलाउनै बाट रोक्न सकिन्छ। जिल्ला प्रशासन कार्यालय पर्सामा बसेको सर्वदलीय बैठकले पाँच बुँदे सम्झौता गरेको थियो।

सम्झौताको पहिलो बुँदामा सयौँ वर्षदेखि



कायम रहेको दुई समुदायबीचको एकतालाई अझ मजबुत गराइ, एकतालाई विखण्डन गर्न खोज्ने जुनसुकै दुष्प्रयासलाई निष्फल पर्ने प्रतिबद्धता जनाइएको थियो। दोस्रो बुँदामा एक अर्काको आस्था केन्द्र तथा धार्मिक स्थलहरुको सम्मान गर्दै त्यस्ता स्थानहरूमा नाराबाजी, जुलुसलगायतका विरोधका कार्यक्रम नगर्ने/नगराउने, यस किसिमको गतिविधि गर्ने जोसुकैलाई कानुनी कारबाहीको दायरामा ल्याउने थियो भने तेश्रो बुँदामा जिल्लाभित्र खुला रुपमा डिजे बजाउने र चर्को माइक बजाउने कार्य रोक्ने, लाठी, भाला, राँके जुलुस निकाल्ने लगायतका क्रियाकलाप गर्नेविरुद्ध कानुनी कारबाहीमा सबैले सहयोग गर्ने, चौथो बुँदामा जिल्लाको शान्ति सुरक्षा र अमनचयनलाई खलल पार्ने किसिमका धार्मिक, सामाजिक, सांस्कृतिक सद्भाव बिगार्ने एवं द्वन्द्वलाई उक्साउने प्रकारका गतिविधि गर्ने, धार्मिक साम्प्रदायिक र्‍याली, जुलुस, बन्द हडताललगायतका गतिविधिहरू कुनै पनि समुदाय संघ संस्थाहरुले नगर्ने तथा पाँचौं बुँदामा सामाजिक सञ्जालमा कुनै जात, धर्म वा समुदाय लक्षित गरी नकारात्मक कुराहरु पोस्ट गर्ने/गराउनेलाई प्रशासनले कडा कारबाही गर्ने सहमति भएको थियो।

प्रहरी-प्रशासन, धार्मिक, सांस्कृतिक संघ संस्थाका प्रतिनिधिहरु, तीनै तहका सरकार तथा आमनागरिकले सम्झौताका पाँचवटै बुँदालाई अक्षरशःपालना गर्ने हो भने कुनै किसिमको उन्मादले सामाजिक द्वन्द्व मचाउन सक्दैन। सम्झौतामा हस्ताक्षर गर्ने सरोकारवालाहरुसंग मेरो जिज्ञासा छ- सम्झौताका बुँदाहरुको कार्यान्वयन गर्न कस्ले रोकेको छ ?

स्थानीय सरकारलाई कानुन समेत निर्माण गर्ने अधिकार छ। कानुन निर्माण गरेर चर्को स्वरमा बजाइने डिजे र लाउडस्पिकर बन्द गराउन सकिन्छ। सामाजिक द्वन्द्व हुँदा हाई तौवा मचाउने स्थानीय सरकारहरुलाई सामाजिक सद्भावसंगै जनस्वास्थ्य समेतमा नकारात्मक प्रभाव पार्ने डिजे बन्द गराउन कस्ले रोकेको होला? गाउँगाउँमा फोहर गीतको बाजार सजेको छ। यसलाई किन रोक्नु हुन्न? चर्को स्वरमा बजाइने डिजे बन्द गर्ने/गराउने उर्दी जारी गरिरहने स्थानीय प्रशासनलाई यस्ता गतिविधि रोक्न कस्ले रोकेको होला? फेसबुक, युट्यूव जस्ता सामाजिक सञ्जालमा अनाप सनाप लेख्ने, बोल्ने र भिडियो पोष्ट गर्नेमाथि साइबर अपराध सम्बन्धी कानुन आकर्षित हुन्छ। अनि सरोकारवालाहरुलाई कानुन प्रयोग गर्न कस्ले रोकेको होला? सडक, विजुली र पोखरी सौन्दर्यकरणको बजेटमा आँखा गाड्ने, पक्षविपक्षमा सभा, सेमिनार र जुलुश प्रदर्शन गर्ने राजनीतिक दलहरुले यस्तो संवेदनशील विषयमा ध्यान आकर्षित गर्न कस्ले रोकेको होला?

# २५ दिने अभियान संचालन हुँदै



टुडे समाचारदाता

जनकपुरधाम। मधेश प्रदेशलाई दादुरा-रुबेला पूर्ण खोप घोषणा गर्ने उद्देश्यले यही फागुन १३ गतेदेखि २५ दिने अभियान संचालन हुने भएको छ।

जनकपुरधाममा शुक्रबार मधेश प्रदेश स्वास्थ्य निर्देशनालयले आयोजना गरेको अभिमुखिकरण गोष्ठीमा सञ्चारकर्मीहरुलाई स्वास्थ्य निर्देशनालयका खोप अधिकृत लक्ष्मेश्वर झाले मधेश प्रदेशको चार जिल्लालाई पूर्ण खोप घोषणा गरेसंगै मधेश प्रदेशलाई पूर्ण खोप घोषणा गर्ने योजना रहेको बताए।

दादुरा-रुबेला खोप अभियान २०८०/०८१ अन्तर्गत फागुन १३ गतेदेखि चैत ७ गतेसम्म ९ महिने शिशुदेखि १५ वर्ष उमेरसम्मका बालबालिकालाई खोप दिने कार्यक्रम रहेको उनले बताए। खोप अधिकृत झाले मधेश प्रदेशका ८ वटै जिल्लामा करिब १९ लाख बालबालिकालाई दादुरा-रुबेला खोप लगाइने लक्ष्य रहेको छ। ७७ वटा जिल्लाहरुमध्ये मधेश प्रदेशमा सिरहा, सप्तरी, सर्लाही र बारा जिल्ला पूर्ण खोप घोषण भइसकेको छ। घोषणा हुने प्रक्रियामा धनुषा, महोत्तरी, रौतहट र पर्सा रहेको छ।

स्वास्थ्य निर्देशनालयका निमित्त निर्देशक श्रवण कुमार नायकले दादुरा रुवेला भ्याक्सिन १० मात्रा भाइल २ लाख ५१ हजार ७ सय ९८ थान प्राप्त भएको तथा ए.डी. सिरिन्ज ०.५ एम.एल. २ करोड १९ लाख ४ हजार साथै घोलक सिरिज ५ एम.एल. २ लाख १९ हजार ६०० सय र सेफ्टी बक्स २६ हजार ९ प्राप्त भएको बताए।

दादुरा-रुबेला विरुद्धको खोप अभियान तोकिएको तथा लक्षित समूहका लागि सुरक्षा कवचको रुपमा रहेकाले जनसमुदायलाई सुसुचित गर्न हरेक क्षेत्रवाट पहल हुनुपर्ने उनले बताए।

सन् २०१८ मा पहिलाको तुलनामा ९७ प्रतिशत बिरामीहरु घटेको हुँदा रुबेला र जन्मजात रुबेला सिन्ड्रोम नियन्त्रणको प्रमाण पत्र नेपालले प्राप्त गरेका जानकारी विश्व स्वास्थ्य संगठनका प्रतिनिधि प्रविण झाले बताए।

# नगरपालिकाले अन्याय गर्दैछ : लोसपा नेता ठाकुर

टुडे समाचारदाता

राजविराज। आफूले आफ्नो हकभोग र स्वामित्वको जग्गामा प्रक्रियागत तथा नियमपूर्वक बनाउन लागेको संरचना निर्माण कार्यलाई राजविराज नगरपालिकाले अवरोध खडा गरेको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का राष्ट्रिय उपाध्यक्ष जय प्रकाश ठाकुरले आरोप लगाएका छन्।

राजनीतिक आस्था र फरक दल भएकै कारण आफ्नो बारेमा राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत परविनले संरचना निर्माणमा अवरोधको प्रयासका साथै आफू र आफ्नो परिवारका बारेमा सामाजिक सञ्जालमा समेत भ्रम फैलाउने र प्रचारबाजी गरी चरित्र हत्यासम्मको प्रयास पनि गरेको भन्दै उनले पत्रकार सम्मेलनमार्फत गुनासो पोखेका छन्।

उनले राजविराज नगरपालिका साविक वडा नम्बर ३ हाल वडा ४ मा श्रीमती संगीताको नाममा रहेको १५ कठ्ठा ९ धुर जग्गामा नयाँ संरचना बनाउन खोज्दा नगरपालिकाले अनावश्यक हस्तक्षेप गरी दुःख दिन थालेको बताए। उक्त जग्गाको नियमित रुपमा सालबसाली मालपोत बुझाउँदै आएको रसिद तथा अन्य प्रमाणहरू पत्रकार सम्मेलनमा पेश गर्दै ठाकुरले नयाँ संरचना निर्माणका लागि आवश्यक पर्ने नक्सा पासका लागि नगरपालिकामा लाग्ने दस्तुर २ लाख ११ हजार ४ सय ५७ रुपैयाँ २०७८ साल भदौ २१ गते नै बुझाइसक्दा पनि दुःख दिने




नियतले हालसम्म नक्सा पास नगरी आर्थिक क्षति पुर्‍याउन खोजेको आरोप लगाए।

नगरपालिकाले शुल्क बुझेको २५ महिनाभन्दा बढी भइसक्यो, तर हालसम्म विभिन्न बहानामा नक्सा पास गरिदिएको छैन, उनले भने-उल्टै काम रोक्नु भन्दै चेतावनीसहितको पत्र काटेर हाम्रो परिवारलाई मानसिक यातना र आर्थिक क्षति पुर्‍याउने काम नगरपालिकाले गरिरहेको छ।

भवन निर्माणका लागि निवेदन पेश गरेको सात दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले प्रक्रिया पूरा गरी अनुमति दिनुपर्ने व्यवस्था भए पनि २५ महिना बित्दा समेत अनुमति नदिनु र त्यसको जायज कारण पनि नखोल्नु नियम कानुनको धज्जी उडाए जस्तै भएको ठाकुरको भनाइ छ।

उनले यस अघि २०७३ सालमा उक्त जग्गा संरक्षणका लागि चारैतिरबाट पर्खाल निर्माण गर्ने क्रममा नगरपालिकाले रोक्का गरी अमिन रामनारायण ठाकुरलाई खटाएको र उनले अरु कसैको कुनै जग्गा नमिचेको भनि प्रतिवेदन बुझाउँदा पर्खाल निर्माण कार्य सम्पन्न भएको जानकारी गराउँदै हाल सोही पर्खालको घेराभित्र नयाँ संरचना बनाउन खोज्दा कहिले पत्र काटेर, त कहिले प्रहरी पठाएर रोकाउँछु भन्दै धम्की दिनु अचम्मको कुरा भएको बताए।

२५ महिना अघि नै नक्सा पास प्रयोजनका लागि रसिद नं. ७१ बाट २ लाख ११ हजार ४ सय ५७ रुपैयाँ तथा धरौटी बापत रसिद नं. ४ बाट १ लाख ४ हजार ४ सय ४९ रुपैयाँ बुझिसकेको नगरपालिकाले हालसम्म अनुमति नदिनु तथा उल्टै चेतावनी सहितको पत्र काटेर मानसिक यातना तथा परियोजनामा क्षति पुर्‍याएको भन्दै उनले आपत्तिसहित नगरपालिकामा पेश गरेको लिखित जवाफमा उल्लेख समेत गरेका छन्।

पत्रकार सम्मेलनमा उपस्थित रहेका राजविराज नगरपालिकाका निवर्तमान मेयर शम्भुप्रसाद यादव र लोसपा सप्तरीका अध्यक्ष सुनिल कुमार झालेसमेत ठाकुरद्वारा आफ्नो निजी जग्गामा नियमपूर्वक संरचना निर्माण कार्य थालिएको भन्दै नगरपालिकाले त्यसमा हस्तक्षेप गर्नुको कुनै औचित्य नरहेको प्रतिक्रिया दिए।

यता सो बारे नगरपालिकाका कार्यवाहक नगरप्रमुख परविनसँग जिज्ञासा राख्न खोज्दा उनको मोबाइल स्विच अफ भएका कारण सम्पर्क हुन सकेन। प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद गुरुङसँग सम्पर्क गर्दा उनले आफू जिम्मेवारी सम्हालेको ६ महिना मात्र भएको बताउँदै ठाकुरले त्यसअघि नै नक्सा पास बापतको शुल्क बुझाइसकेपछि ३५ दिन भित्र स्थलगत निरीक्षण गरी नक्सा पास स्वीकृत वा अस्वीकृतको काम गरिसक्नुपर्ने प्रावधान रहेको बताए। यदि सो प्रक्रिया गरेको भए ठाकुरले संरचना निर्माणको काम सुरु गर्न पाउने/नपाउने विषय त्यतिबेलै टुङ्गो लागि सक्ने थियो, उनले भने-यदि ठाकुरले अनधिकृत रुपमा पर्खाल निर्माण गर्न खोजेको थियो भने किन त्यतिबेला रोकिएन। उनले नक्सा पास शुल्क वापत ठाकुरले बुझाएको रकम किन फिर्ता गरिएन भन्ने विषय बारे आफूले बुझ्न नसकेको उनको प्रतिक्रिया समेत दिएका छन्।

पछिल्लो पटक वडा कार्यालयको सिफारिस तथा कार्यवाहक प्रमुखको आदेशमा ठाकुरद्वारा भइरहेको संरचना निर्माण कार्यको काम रोकिएको र यसबारे आफूले अध्ययन गरी मात्र थप कुरा बताउन सकिने उनले जनाएका छन्।

# आकस्मिक उपचार सेवा संचालन हुने

टुडे समाचारदाता

जनकपुरधाम। धनुषाको मिथिला नगरपालिकाले चौबिसै घण्टा आकस्मिक उपचार सेवा सञ्चालन गर्ने तयारी थालेको छ।

मिथिला नगरपालिकाले ढल्केबर स्थित स्वास्थ्य चौकीलाई स्तरोन्नति गरी चौबिसै घण्टा आकस्मिक उपचार सेवा सञ्चालन गर्ने तयारी थालेको छ। मिथिला नगरका मेयर महेन्द्र महतोले फागुन २० गतेसम्ममा आकस्मिक उपचार सेवा सञ्चालनमा ल्याउने योजना रहेको बताए।

आकस्मिक उपचार सेवाको आन्तरिक तयारी तीव्ररुपमा भइरहेको बताउँदै मेयर महतोले सडक दुर्घटनाका घाइते तथा नगरवासीलाई सहज स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले सो आकस्मिक उपचार सेवा विस्तार गर्न लागिएको बताए।

आकस्मिक सेवामा दुई जना एमबिबिएस, चार जना एचए, चार जना अनमी, दुई जना स्टाफ नर्स, दुई जना स्विपर र दुई जना फार्मेसी जनशक्तिले सेवा दिने उनले बताए। अस्पतालमा नगरपालिकाको आफ्नै फार्मेसी पसलसमेत हुने छ भने जसमा अस्पतालले निःशुल्क उपलब्ध गराउने औषधिबाहेकको औषधि खरिदमा सेवाग्राहीलाई १० प्रतिशत छुटको व्यवस्था गर्ने योजनासमेत रहेको उनले बताए।

आकस्मिक सेवा सञ्चालनमा लागेको सम्पूर्ण खर्च नगरपालिकाको आफ्नै बजेटबाट गरिएको बताउँदै नगर प्रमुख महतोले सो सेवा सञ्चालनमा आएपछि आकस्मिक उपचारका लागि निजी उपचार केन्द्रमा धाउनु नपर्ने बताए।

आवश्यकता

जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा तपसिल बमोजिमको कर्मचारी आवश्यकता भएको हुँदा ईच्छुक महानुभावहरुले बायोडाटा सहित जनकपुर टुडेको कार्यालयमा सम्पर्क गर्नु हुन जानकारी गराईन्छ।

कम्प्युटर अपरेटर - १ (एक) जना
लेखापाल - २ (दुई) जना
(व्यवस्थापन संकायमा स्नातक उत्तिर्ण गरी कम्प्युटर सम्बन्धी ज्ञान भएको/महिलालाई विशेष प्राथमिकता)

सम्पर्क
जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.
जनकपुरधाम, धनुषा
सम्पर्क नं. : ९८०१६२६०२६, ९८५४०२६०२५

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८